## व्याख्यान्

# भुइँतहबाट परिदृश्यमा : नेपालको महिला आन्दोलनको गति र दिशा

रेणु अधिकारी

### विषय प्रवेश

महिला अधिकारको संरक्षण, संवर्द्धन तथा परिपूर्तिलाई राजनीतिक संघर्षको मुख्य मुद्दा बनाएका सामाजिक आन्दोलन महिला आन्दोलन हुन् । यस्ता आन्दोलनका अगुवा र यिनमा सामेल भई संघर्ष गर्ने महिला, पुरुष वा तेस्रो लिंगी जो पनि हुन सक्छन् । तर, महिला र पुरुषबीच भएका वा हुन सक्ने असमानता र अन्यायलाई महिलाहरूले चुनौती दिने गर्छन् । त्यसैले, महिला आन्दोलनका अगुवा महिला नै हुन्छन् । सबै ठाउँका महिला आन्दोलन एकै प्रकारका हुँदैनन् । त्यसै गरी, आन्दोलनका "एजेण्डा" पनि समय सापेक्ष हुने गर्छन् । तिनले विभिन्न रणनीति लिन सक्छन् । जस्तै, महिला-पुरुष सम-विकासका एजेण्डा लिएर अगाडि बढेका आन्दोलन छन् । राजनीतिक आन्दोलनसँगै महिला आन्दोलनलाई लिएर जाने पनि छन् । आफूलाई महिलावादी मान्ने तर राजनीतिक आन्दोलनको अंग नमान्ने अभियन्ता पनि छन् । महिलावादी भनेर आफूलाई राजनीतिक पहिचान दिन नचाहनेहरू पनि छन् । मैले भने महिला र पुरुषबीच स्थापित असमान शक्ति सम्बन्धले महिलालाई पारेको प्रभावलाई राजनीतिक सवालको रूपमा उठाउने आन्दोलनलाई महिला आन्दोलन मानेको छु । यस्ता आन्दोलनले महिला र पुरुषबीच स्थापित शक्ति र पूँजीको असमान बाँडफाँड मात्र होइन, त्यसलाई सामाजिक, राजनीतिक र आर्थिक परिवेशले पनि प्रभावित पारेको हुन्छ भन्ने मान्यता राख्दछ ।

नेपालमा महिला आन्दोलनबारे दुई ओटा सोच सतहमा देखिन्छन् । एउटाले नेपालको महिला आन्दोलन शुरूआती अवस्थामा छ, विशेष गरी विकासे महिलावादको सेरोफेरोमा सीमित छ, भन्ने गरेको छ । अर्कोले भने महिला आन्दोलन लामो समयअघि शुरू भएर विभिन्न कालखण्डमा देशको राजनीतिक परिवेश अनुरूप कहिले सुषुप्त रहन्छ त कहिले झाँगिदै जान्छ भन्ने मान्छ । म पछिल्लो सोचमा विश्वास गर्छु । यो व्याख्यान्मा मैले भोगेका,

*समाज अध्ययन* १३ : १४१–१६६, २०७५

देखेका र विश्लेषण गरेका आधारमा नेपालको महिला आन्दोलनको स्थितिबारे लेखाजोखा गर्दैछु । शुरूआतका केही ऐतिहासिक सन्दर्भ प्रकाशित सामग्रीबाट लिइएका हुन् । तिनमा मेरो मौलिकता छैन । विभिन्न कालखण्डका राजनीतिक आन्दोलनमा महिलाहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् र कतिमा त अगुवाइ गरेका छन् । सबै आन्दोलनमा महिलाका मुद्दालाई थोरबहुत उठाइएको हुन्छ । तर, आन्दोलनभित्र महिला अधिकारका मुद्दालाई उठाउने र हेर्ने प्रवृत्ति फरक हुन्छ । त्यस्तै, भिन्नतालाई मैले बुझे अनुसार यहाँ नेपाली महिला आन्दोलनको कालविभाजन गरेको छु । तदनुरूप यहाँ मैले नेपालको महिला आन्दोलनलाई मुख्यतः वि.सं.२०४६ अघि, २०४६ देखि २०५२ सम्म र २०५२ सालपछि २०७४ सालसम्म गरी तीन चरणमा बाँडेको छु । त्यसो त २०४६ साल अघिका विभिन्न कालखण्डमा आन्दोलनको स्वरूप र चरित्र थोरबहुत नफेरिएका होइनन्, तैपनि समग्रमा त्यस अवधिमा भएका उतारचढावलाई एकै खण्डमा राखेर प्रस्तुत गरेको छु । वि.सं. २०४६ पछिको प्रजातान्त्रिक कालमा पनि माओवादी जनयुद्धअघि र पछिका आन्दोलनमा तात्त्विक भिन्नता आएको छ, त्यसैले २०४६ पछिको अवस्थालाई सोही अनुरूप विभाजन गरेको हुँ ।

## वि.सं. २०४६ पूर्वको महिला आन्दोलन

सबै जसो सामाजिक आन्दोलन लोकतान्त्रिक व्यवस्था, समानता, आर्थिक परिवर्तनका लागि हुन्छन् । यस्ता आन्दोलन सचेत नागरिकले आफूले चाहेको सकारात्मक परिवर्तनका लागि थाल्दछन् । आन्दोलनका क्रममा महिलाहरू आफ्ना अधिकारबारे सुसूचित हुन्छन् । आफूलाई पितृसत्ताले पाखा लगाएको अनुभव गर्छन् । त्यसपछि ती आन्दोलनमा महिला अधिकारका मुद्दा भित्रिन थाल्दछन् ।

राणाकालको एकतन्त्रीय व्यवस्थाले जन्माएको उकुसमुकुसलाई चिर्ने प्रयासमा महिला अधिकारका मुद्दालाई समेटेर योगमाया र उनका शिष्यहरूले पहिलो महिला आन्दोलन थाले । आजभन्दा सय वर्षअघि विधवा योगमायाले हिन्दू धर्मशास्त्रको व्याख्या प्रतिकूल पुनर्विवाह गरिन् र राज्य व्यवस्थासँग धर्मराज्यको माग गरिन् । उनले चलाएको सो आन्दोलन सत्ता प्राप्तिका लागि अरू ऐतिहासिक महिलाहरूले गरेका संघर्षभन्दा भिन्न थियो । योगमायाका माग नौला थिए । दोस्रो विवाह गर्ने अधिकार महिलासित हुनुपर्छ, उसको आफ्नो शरीरमाथि अधिकार हुनुपर्छ भन्ने योगमायाका सवाल यसअघि नेपाली समाजमा त्यति स्पष्ट ढंगले उठेका थिएनन् । योगमायाले आफ्ना मुद्दा धार्मिक आवरणभित्र रहेर लडेकी थिइन् । केही पछि दिव्या कोइराला, रेवन्त कुमारी आचार्य, मंगलादेवी सिंह, सहाना प्रधान, साधना प्रधानहरूले दाइजो र महिला हिंसा विरुद्ध संघर्ष अगाडि बढाए । पछिल्ला संघर्ष एकतान्त्रिक व्यवस्थादेखि मुक्तिको कामनासँगै बढेका थिए । प्राय: राजनीतिक परिवर्तनका लागि संघर्षरत नेताहरू, जो प्रायः पुरुष नै थिए, उनीहरूका घरपरिवारका महिला

सदस्यले यस्तो आन्दोलनको अगुवाइ गरेका थिए । त्यसैले, तिनको मूल उद्देश्य राजनीतिक परिवर्तनका लागि महिलालाई संगठित गर्नु रह्यो । तिनले असमान शक्ति सम्बन्धका कारण पुरुषद्वारा विभेदित महिलाको स्थितिबारे खुलस्त कुरा गर्न सकेनन् । महिला अधिकारका सवालले झिनो रूपमा दलगत राजनीतिभित्र प्रवेश त पायो, तर महत्त्व पाएन । किनभने त्यस्ता सवाल भुइँतहबाट उठाइएका थिएनन् । लोकतन्त्रका लागि लडिरहेका नेताका परिवार सदस्यहरूको अगुवाइमा ती मुद्दा उठाइएका थिए । त्यसैले, ती संघर्ष लोकतन्त्र प्राप्तिकै बृहत् योजनाका अंग रहे । व्यापक जनसहभागिता भने हुन सकेन ।

संसारका अरू ठाउँमा भएका महिलाहरूको संघर्ष पनि राजनीतिक संघर्षसँगै बढेका देखिन्छन् । महात्मा गान्धीको भारत छोडो आन्दोलन, लेनिनको समाजवादी क्रान्ति, अमेरिकाको नागरिक स्वतन्त्रता प्राप्तिको आन्दोलन, दक्षिण अफ्रिकाको रंगभेद विरुद्ध अभियानभित्र पनि महिला अधिकारका कुरा प्रस्फुटित भए । नेपालमा पनि त्यस्तै भयो । वि.सं. २००४ र २०१७ बीचको अवधिमा महिलाका भोट दिन पाउने, राजनीतिक पार्टीको अनुग्रहमा राजनीतिक सहभागिता जनाउने, विद्यालयहरूको स्थापना र लेख्न/पढ्न पाउने जस्ता महत्त्वपूर्ण उपलब्धि प्राप्त भए । राजनीतिक परिवेश अलि खुकुलो भए अनुसार नागरिक अधिकारका केही कुरा त हासिल भयो । तर, महिलालाई घरभित्र र बाहिर दोस्रो दर्जामा राखिएको स्थितिमा परिवर्तन भने आएन । महिलालाई दोस्रो दर्जामा राख्ने पितृसत्ता र पितृसत्ताले नियन्त्रण गरेका क्षेत्रहरूको बारेमा कुरासम्म पनि भएन । महिलाको उत्पादन, प्रजनन्, गतिशीलता, शरीर माथिको आफ्नो नियन्त्रण जस्ता सवालहरूले कहिल्यै ठाउँ पाएनन् । महिलाले गर्ने काम पनि काम हो भन्ने विषय मुद्दाको रूपमा कहिल्यै स्थापित हुन सकेन ।

वि.सं. २०१७ मा राजा महेन्द्रले शासन सत्ता हत्याएपछि लोकतान्त्रिक र वामपन्थी नेता-कार्यकर्ता भूमिगत भए । राजनीतिक रूपले गोलबन्द हुन थालेका अगुवा महिलाहरू निष्क्रिय भए । पञ्चायती राज्यले तत्कालीन अन्तर्राष्ट्रिय परिवेश सुहाउँदा महिलाको पेवा बढाउने कार्यक्रम (पीसीआरडब्लु), आदर्श महिला संगठनको शुरूआत, नारी सेवा समन्वय समितिको स्थापना जस्ता कार्यक्रम ल्यायो । यी कदम सुधारात्मक देखिन्थे, तर यिनको निहितार्थ महिला आन्दोलनलाई गैर-राजनीतिक बनाउनु थियो । राज्यसत्ताले महिलाका मुद्दालाई अधिकार हनन्को रूपमा नहेरी कल्याणकारी अवधारणाबाट हेर्‍यो । यी सुधारात्मक कार्य/सेवाले केही नेपाली महिलाको जीवनस्तर भने अलिकति सुध्रियो, तर महिला आन्दोनल धेरै पछाडि धकेलियो ।

“जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ” भने जस्तै पञ्चायत कालका यी कार्यक्रममध्ये अमेरिकी सहयोग नियोग (युएसएआइडी) को सहयोगमा आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा) बाट सन् १९७० दशकको अन्ततिर गरिएको नेपालमा महिलाको

मर्यादास्तर सम्बन्धी अनुसन्धान दूरगामी महत्त्वको थियो । यो अध्ययनमा मीना आचार्य र वीणा प्रधान जस्ता महिलाहरू संलग्न थिए । अमेरिकी नागरिक लिन बेनेटको पनि यो अध्ययनमा ठूलो भूमिका रह्यो । पूर्वप्रधानमन्त्री टंकप्रसाद आचार्यकी छोरी भए पनि महिला भएकै कारण मीना आचार्यको जीवन सहज थिएन । उनले पढ्न तथा विदेश जान संघर्ष गर्नुपरेको थियो । साथै, विदेशीसँग विवाह गरेपछि उनले अफ्ठ्यारा परिस्थितिको सामना गर्नुपरेको थियो । त्यसैले, त्यो अनुसन्धान प्रतिवेदन नेपाली महिलाका वैयक्तिक एवं राजनीतिक समस्या उजागर गर्ने महत्त्वपूर्ण दस्तावेज बन्यो ।

तत्कालीन राजनीतिक व्यवस्थाभित्र उपलब्ध अवसरलाई उपयोग गर्दै यो दस्तावेजले नेपाली महिलाको भुइँतहको अनुभव प्रकाशमा ल्यायो । फलस्वरूप सन् १९८० देखि राष्ट्रिय योजना आयोगले "विकासमा महिला" अवधारणा अनुसार आफ्नो छैठौँ आवधिक योजनामा महिलाका मुद्दा समावेश गऱ्यो । प्रत्येक गाउँसम्म महिला संगठनको शाखा पुग्यो । महिलालाई घरबाट निस्कने परिस्थिति बन्यो । महिलाका लागि छुट्ट्याइएका कार्यक्रममा केही युवा महिला आकर्षित भए । महिलाले विकास अधिकृतको रूपमा काम थाले । समुदायसम्म महिला आफै पुग्न थाले । सामुदायिक स्तरमा केही तत्कालीन शासन पद्धति अनुकूल महिला यस्ता कार्यक्रमले लाभान्वित पनि भए ।

यी परिवर्तन "विकासमा महिला" भन्ने अवधारणाबाट सञ्चालित थिए । यिनले आर्थिक गतिविधिमा महिलाको पहुँच केही मात्रामा बढाए पनि राजनीतिक समस्यालाई सम्बोधन गर्न सकेनन् । महिलाको आर्थिक स्थितिमा केही सुधार होस् र समाजले दिएको भूमिका तिनले चुपचाप स्वीकारून् भन्ने सोचले यी कार्यक्रम ल्याइएका थिए । त्यतिखेर मानव अधिकारबारे छलफल गर्न निषेध थियो । मानव अधिकारका कुरा गर्नेहरूलाई अराष्ट्रिय तत्त्व भनिने हुँदा यस्ता कार्यक्रममा कसैले पनि महिला अधिकारका सवाल उठाउन सकेनन् । फलस्वरूप पञ्चायत व्यवस्थाभर महिलाले आफ्नो दोस्रो दर्जाको स्थिति, शरीरमाथि आफ्नो नियन्त्रण र महिला हिंसाको कारण जस्ता राजनीतिक विषयमा प्रवेश गर्न पाएनन् ।

सरकारी योजना केही सफल भयो । तर महिला अधिकारको आन्दोलन पछाडि धकेलियो । लोकतान्त्रिक गतिविधिमा सक्रिय—खास गरी विद्यार्थी आन्दोलनका केही अगुवा—महिलाहरूलाई (उदाहरणको लागि, तत्कालीन नेपाल विद्यार्थी संघकी नेता दुर्गा घिमिरेलाई सन् १९७७ मा) नारी सेवा समन्वय समितिमा लगेर चुप लगाइयो । सामुदायिक तहमा मुखर हुन थालेका केही महिला पेवा बढाउनेतिर अल्मलिए । केही ठाउँमा लोकतन्त्रका लागि संघर्षरत महिलाका विरुद्ध महिला नै प्रयोग गरी दबाइयो । अर्धभूमिगत वा भूमिगत भएर काम गरिरहेका महिलाबाट प्रशिक्षित गोमा देवकोटा जस्ता महिलाले २०३७ सालदेखि सामुदायिक स्तरमा किसान आन्दोलन र शिक्षक आन्दोलन जस्ता सामाजिक आन्दोलनमा अगुवाइ गरे । तर यी आन्दोलनका केन्द्रमा महिलाका सवाल थिएनन् ।

पञ्चायत कालमा अधिकार प्राप्तिका आन्दोलनमा लाग्नु जोखिमपूर्ण काम थियो । त्यसमाथि थोरै महिला मात्रै शिक्षित थिए । सामुदायिक स्तरमा जति शिक्षित थिए, ती पनि खास वर्ग र समूहका थिए । तिनीहरूमध्ये लोकतन्त्रमा विश्वास गर्नेहरू भूमिगत थिए । अरू राजावादी थिए । त्यस्तो विषम परिस्थितिमा समुदायमा रहेर महिला अधिकार आन्दोलन अघि बढाउने महिला पनि थिए । ती दुर्लभ थिए र तिनको खोजी भएन । न त तिनले गरेका कामको दस्तावेजीकरण नै भयो । उदाहरणका रूपमा सिरहाकी देवदेवी शर्मालाई लिन सकिन्छ । उनको पारिवारिक सूत्रबाट प्राप्त जानकारी अनुसार यिनी बर्माबाट आएकी हुन् । सहाना प्रधानकी समकालीन यिनी बिहे भएर सिरहा पुगिन् । शिक्षित एवं चेतनशील यिनले आफ्नै घरको पिँढीमा सिरहाका महिलाहरूलाई बटुलेर पढाउन शुरू गरिन् । त्यसरी महिलाहरूलाई पढाउँदा त्यहाँका मानिसले उनलाई अनेक गालीगलौज गर्ने, शरीरमा पानी खन्याइदिने र थुक्ने सम्मका अत्यन्त निकृष्ट व्यवहार गर्थे । त्यसबाट यिनी कत्ति पनि विचलित नभई निरन्तर रूपमा महिला शिक्षा र तिनको आर्थिक अधिकारका लागि आवाज उठाइरहिन् । त्यस्तै, सिरहाको माडर स्कूलको स्थापनामा पनि यिनको धेरै योगदान रह्यो । हुन त उनी पछि गएर महिला आदर्श सेवा केन्द्रको सदस्य बनिन् र पञ्चायती राजनीतिमा प्रवेश गरिन्, यद्यपि सिरहाको महिला अधिकारको सन्दर्भमा उनको योगदान बिर्सन मिल्दैन । देवदेवी शर्माको योगदान जस्तै झापाका महिला शिक्षकहरूले ८ मार्चको अवसरमा गरेका प्रदर्शनका क्रममा भएको गोली प्रहार, धनकुटामा महिलाले गरेका विद्रोह जस्ता घटनाको पनि नेपाली महिला आन्दोलनको इतिहासमा अंकित हुन सकेको छैन । समुदाय स्तरमा गएर विभिन्न व्यक्तिसँग कुराकानी गर्ने हो भने यस्ता जानकारी अझै संकलन गर्न सकिन्छ ।

प्राज्ञिक वर्ग समूहमा पितृसत्तात्मक सोचबाट निर्देशित पुरुषहरूको बाहुल्य थियो । राजघराना, राणा परिवार, राजाका भारदार र उच्च वर्गका केही महिला भारतमा अध्ययन गरेर फर्केका थिए । संयुक्त राष्ट्र संघीय निकाय युनिफेममा तिनैको वर्चस्व थियो । सोही अवस्था तत्कालीन अन्य विदेशी निकाय र संस्थाहरूमा थियो । सबै ठाउँमा काठमाडौँका सभ्रान्त महिलाकै हालीमुहाली हुन्थ्यो । त्यतिखेर सबै दातृ निकायले आफ्नो अस्तित्वको लागि सरकारबाट निर्देशित काम गर्नु पर्दथ्यो । राजनीतिक रूपले महिलाका मुद्दा उठाउने महिला अभियन्ता भने राजधानीमा सीमान्तकृत भइरहे । महिला आन्दोलन भनेको काठमाडौँमा रहेका विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यक्रम संयोजक, परामर्शदाता जस्ता विभिन्न ओहोदामा रहेका महिलाले गर्ने काम नै हो भन्ने मान्यता स्थापित गराउन राज्यका सबै संरचना क्रियाशील रहे । भुइँतहमा क्रियाशील महिलाको कामको पहिचान नै भएन । उनीहरू पाखा लगाइए ।

सन् १९७५ मा मेक्सिकोमा प्रथम विश्व महिला सम्मेलन भयो । संयुक्त राष्ट्र संघले महिला दशक कार्यक्रम घोषण गऱ्यो । यी घटनाले नेपालमा प्रभाव पाऱ्यो । राजनीतिक

संरचनाभित्र रहेका शक्ति-सम्पन्न मानिसले यी कार्यक्रमलाई उपयोग गर्दै केही सुधारात्मक कदम चाले । तर ती महिलाभित्र जागेको राजनीतिक चेतनालाई दबाउन चाहन्थे । महिला आन्दोलनका नाममा वास्तविक महिला आन्दोलनलाई दबाइराख्न तिनले ठूलो भूमिका खेले । यस्तो विषम परिस्थितिमा पनि जो राजनीतिक रूपले सचेत थिए तर पञ्चायती व्यवस्थाबाट दमित थिए र देशभित्र तथा बाहिर विभिन्न तहमा थिए, तिनले महिलालाई विभिन्न प्रकारले संगठित गर्ने काम भने जारी राखे । यसरी २०४६ साल सम्मका आन्दोलनभित्र सक्रिय महिलाले आ-आफ्ना निर्देशक विचारधारा अथवा सिद्धान्त अनुसार महिलालाई राजतन्त्र अथवा एकात्मक व्यवस्था विरुद्ध गोलबन्द गरे । तत्कालीन शासन व्यवस्थाले भने राजनीतिक मुद्दालाई पन्छाउँदै देखावटी सुधारका केही प्रयास जारी राख्यो ।

## वि.सं. २०४६ देखि २०५२ का आन्दोलन र महिलाका मुद्दा

वि.सं. २०४६ को जनआन्दोलनपछि देशको राजनीतिक परिस्थिति खुकुलो भयो । पहिलेदेखि समुदायमा सक्रिय महिला, महिला अधिकारका सवालमा मुखर व्यक्ति र समूहलाई आ-आफ्ना गतिविधि अगाडि बढाउन सहज भयो । तथापि, राजनीतिक पार्टीहरूले महिला प्रतिनिधित्वलाई संविधानतः पाँच प्रतिशतमा सीमित राखे । मन्त्रीमण्डलमा महिलाको प्रतिनिधित्वलाई महत्त्व दिएनन् । महिलामाथि हिंसा बढ्दो थियो । तर, प्रत्युत्तरमा तत्कालीन अन्तरिम सरकारका गृहमन्त्री योगप्रसाद उपाध्यायले त्यस्तो हिंसाको प्रतिकार गर्न “खुर्सानीको धुलो लिएर हिँड्नू र लामो नङ पाल्नू” भन्ने जस्तो हल्का टिप्पणी गरे । यी घटनाक्रमले राजनीतिक पार्टीमा सामेल महिलालाई महिलाको मुद्दा उठाउन राजनीतिक आन्दोलनले पुग्दैन, संगठित रूपमा महिलाका मुद्दा राख्नुपर्ने रहेछ भन्ने बोध भयो । महिला सुरक्षा समूह जस्तो सञ्जालको शुरूआत भयो । योसँगै सुधारात्मक कामका लागि स्रोत सहित विभिन्न खाले महिला संघसंस्था खुले । नेपालले मानव अधिकार सम्बन्धी दस्तावेजमा हस्ताक्षर गर्‍यो । महिलाका मुद्दा कसरी उठान गर्ने भन्ने विषयमा राजनीतिक पार्टीभित्र छलफल शुरू भयो ।

यो अवधिमा पनि पहिले झैँ लामो समयसम्म सत्ता र स्रोतको निकट रहेका सम्भ्रान्त महिलाको हालीमुहाली भने चलिरह्यो । संयुक्त राष्ट्र संघीय महिला सम्बन्धी निकाय लगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा तिनीहरू नै रहे । विदेशी दातृ संस्थादेखि राज्यका उच्च निकायमा काम गर्ने मानिस तिनकै सञ्जालमा थिए । अर्कोतर्फ, महिलाका मुद्दालाई वर्गीय दृष्टिकोणबाट हेर्न जरुरी ठान्ने, तर वर्गीय विभेदलाई उत्पादन र उत्पादनका साधन एवं स्थान वरिपरि मात्रै राखेर पुग्दैन भन्ने महिलालाई तत्कालीन वामपन्थीहरूले समेत किनारामा राखे । जातीय तथा वर्गीय विभेदसँगै लैंगिक विभेदलाई पनि अन्त्य गर्दै अघि बढ्नुपर्छ भन्नेहरूलाई काम गर्न सकस थियो । महिलाभित्र वर्गीय विभेद छ भनी ती मान्थे,

तर महिलाका मुद्दा वर्गीय दृष्टिकोणले मात्र सम्बोधन हुन सक्दैन भन्ने धारणा राख्थे। त्यसको सम्बोधन गर्न महिलाको शरीरमाथि उनको आफ्नै नियन्त्रण हुनुपर्छ, महिलाको यौनिकताका सवालहरूप्रति राज्यको स्पष्ट दृष्टिकोण हुनुपर्छ र नव-उदारवादी आर्थिक नीतिले महिलालाई गहिरो प्रभाव पारेको छ भन्ने तिनको विचार थियो। तर, त्यस्तो विचार राख्नेलाई प्रजातन्त्रोत्तर कालमा पनि काम गर्न सहज भने थिएन। अर्को शब्दमा भन्नु पर्दा, महिला सवाललाई राजनीतिक तवरले उठाउनु पर्दछ, महिला आन्दोलनलाई दलगत राजनीतिको सेरोफेरोमा मात्रै सीमित राख्नु हुँदैन भन्ने महिलालाई धेरै गाह्रो थियो।

महिलावादी दृष्टिकोणबाट उनीहरूले उठाएका सवालको उत्तर पाउन संरचनागत परिवर्तन आवश्यक थियो। आर्थिक नीतिको दिशा परिवर्तन हुनुपर्थ्यो। तर, सामन्तवादी उत्पादन पद्धति र सञ्चार माध्यमले महिलाको श्रम र व्यक्तित्वलाई प्रभावित गरेको छ भन्ने तर्क नै महिला आन्दोलनको आधार स्तम्भ हो भनी बुझ्ने समूह सानो थियो। महिलावादीहरू वर्गीय मुक्तिले मात्रै महिला मुक्ति सम्भव छ भन्ने मान्दैनन्। महिलाले घरभित्र गरेको श्रम पनि श्रमको गणनामा आउनुपर्छ भन्ने मान्यता राख्दछन्। त्यस बखत यही मान्यता राख्ने महिलवादीहरू महिलाको यौनिकता, यौन र प्रजनन् अधिकारलाई स्वास्थ्यसँग मात्रै जोडेर हुँदैन, महिला र पुरुषबीच स्थापित असमान शक्ति सम्बन्ध, व्यक्तिका नैसर्गिक अधिकारसँग जोडेर विश्लेषण गरिनुपर्छ भन्ने ठान्थे। उनीहरू वर्गीय विश्लेषण फराकिलो तवरले गरिनुपर्छ भन्थे। महिलाको सोच, जीवन प्रतिको दृष्टिकोण, जीवनबाट गरेको चाहना, आफूबाट राखेको अपेक्षा, सामाजिक समस्या र समाधान सम्बन्धी उनको बुझाइ, उनले आफूले गरेका प्रयास अथवा सुझाएका उपायको आधारमा समेत वर्ग विश्लेषण गरिनुपर्छ भन्ने तिनको धारणा थियो। तिनीहरू महिलाको यौनिकता, प्रजनन् अधिकार, यौनकर्मीको अधिकार, महिला र पुरुष बीचका असमान शक्ति सम्बन्धका कुरा अघि सार्न चाहन्थे।

महिलावादीका उपरोक्त मान्यता वामपन्थी भनिने पार्टीद्वारा नियन्त्रित महिला संगठनले पनि रुचाएनन्। यी भगिनी संगठनमा धेरै जसो मध्यम वर्गीय महिलाहरू थिए। तिनमा पनि अधिकांश राजनीतिक पार्टीका उच्च ओहोदामा रहेका पुरुषकै परिवारका सदस्य र नातागोता थिए। तिनले पितृसत्तालाई आत्मसात गरेका थिए। त्यसैले, तिनले महिलाका सवालमा आ-आफ्नो पार्टीलाई चुनौती दिन सकेनन्। अर्कातिर ती मान्यता पुरुषको वर्चस्व स्वीकार्दै र केही सुधारात्मक कार्यक्रम चलाउँदै जीविकोपार्जन गरिरहेका महिला अभियन्तालाई पनि पचेन। वि.सं. २०४६ पछि लामो समयदेखि काम गरिरहेका मानव अधिकारकर्मी तथा मानव अधिकारवादी संस्था सतहमा देखा परे। तर, सबैमा कुनै न कुनै पार्टीका पुरुष कार्यकर्ताकै वर्चस्व थियो। उनीहरूलाई महिलावादी राजनीतिक विश्लेषण गर्ने महिलासँग व्यवहार गर्न सहज थिएन। त्यसैले, त्यस्ता महिला मानव अधिकारको आन्दोलन हाँक्नेका लागि पनि प्रिय बन्न सकेनन्। पञ्चायत कालदेखि स्रोत र सत्ताको

नजिक भएका एवं दातृ निकायसित निकट रही महिला अधिकारका सवालमा काम गर्छौं भन्ने महिलाका लागि पनि प्रिय थिएनन् ती । उनीहरूले त्यस्ता महिलावादीलाई वामपन्थी महिला भनेर पाखा लगाए । उता वामपन्थी महिलाले भने महिलावादी राजनीति अंगीकार गर्दै काम गर्ने महिलावादीलाई एनजीओकर्मी भनेर आफूलाई चाहिँदा मात्र उपयोग गर्ने र अन्यथा बेवास्ता गर्ने नीति अख्तियार गरे । यसरी महिलावादी सोच राखेर काम गर्नेहरू दोहोरो, तेहेरो चपेटामा परे ।

त्यतिखेर महिलावाद शब्ददेखि डराउनेहरू महिला आन्दोलनका अगुवा देखिए । तिनले महिलावादको अवधारणा पश्चिमा संस्कृतिको उत्पादनका रूपमा बुझ्नेहरूलाई चुनौती दिन सकेनन्, बरु त्यो बुझाइलाई नै थप बलियो बनाए । त्यस्तै, राजनीतिक पार्टीभित्र धेरै महिलाले आफू महिलावादी होइन भन्दै बोल्ने चलन आयो । पार्टीभित्र लामो संघर्ष गरेका, भुइँतहदेखि महिला अधिकारका लागि लडेका र आफू महिलावादी हुँ भनी आँट गर्ने महिला सीमान्तकृत भए ।

पीडा र शोषणका एकै प्रकारको परिभाषा हुँदैन । न एकै प्रकारले तिनलाई नाप्न सकिन्छ । सामाजिक स्थिति, आवश्यकता तथा चाहना जस्ता तत्त्वले पीडा र शोषणको अनुभूति र परिभाषालाई फरक पार्दछन् । शोषण र पीडाबाट मुक्त हुन ऐतिहासिक स्थिति र परिवेशलाई वस्तुगत विश्लेषण गरी राजनीतिक स्तरले सूचकांकहरू निर्धारण गरिनुपर्दछ । त्यसपछि कस्तो कार्यक्रमलाई प्राथमिकतामा राख्ने भन्ने स्पष्ट हुन्छ । "सबै महिलाको पीडा उस्तै हो" भन्ने सिद्धान्त अपनाए महिला आन्दोलन लिकबाट बाहिरिन्छ । प्रायः जसो स्रोत र सत्तामा पहुँच हुने महिलाले भने आन्दोलनलाई राजनीतिबाट विमुख पार्न यसो गर्दछन् । वर्गीय स्वार्थको पक्षमा तिनले अग्राधिकारको प्रयोग गर्दछन् । यो प्रवृत्ति अरू मुलुकका आन्दोलनपछि पनि देखिएको हो । हामीकहाँ पनि प्रस्टै रूपमा देखियो ।

स्रोतमा पहुँच भएका ठूल्ठूला परियोजना चलाउने महिलाले "सबै महिला समान रूपले पीडित हुन्छन्" भन्ने मान्यता स्थापित गर्न खोजे । महिला आन्दोलनलाई राजनीतिबाट विमुख गराए । महिला भित्रको विविधताले स्थान पाएन । महिला भित्रको वर्गीय र जातीय, यौनिक मुद्दाले प्रवेश पाएन । वि.सं. २०४६ को आन्दोलनपछि पनि महिला आन्दोलनलाई राजधानी-केन्द्रित र परियोजनामुखी काम जस्तो पारियो । भुइँतहमा आफ्नो जीवन अनेक गरी सपार्ने महिलाहरू आन्दोलनमा अटाएनन् । महिलाभित्र शोषणका विविध कारण खोतल्ने प्रयास भएन । बरु महिला र पुरुषको समान सहभागिता मात्रै महिला आन्दोलनको मुद्दाको रूपमा स्थापित गर्ने कोसिस गरियो । महिलाको यौनिकता, महिलालाई लामो समयदेखि पितृसत्ताले पुरुषमा निर्भर बनाएको स्थितिलाई चुनौती दिइएन, बरु विधवा महिलाले रातो लुगा लगाउने जस्ता अभियान, विधवा भत्ता जस्ता सुधारात्मक काम गरेर महिलाको मूल मुद्दालाई ओझेलमा पार्ने काम गरियो । यसले एउटा जात, धर्म, क्षेत्र र

वर्गका महिलाहरूको शक्ति केन्द्रमा पहुँच बढ्यो । त्यस्ता महिला नै महिला आन्दोलनका अगुवा हुन् भन्ने स्थापित गराउन खोजियो । पितृसत्तात्मक संरचना अझ बलियो बन्यो । पहिलेदेखि नै सत्ता र स्रोतमा पहुँच भएका केही महिलाको रहनसहन बदलियो । तर, समग्र महिलाको जीवनस्तरमा सुधार आएन । सतहमा हेर्दा यसले महिलाको जीवनमा आमूल परिवर्तन नै ल्याए जस्तो प्रचार गरियो । तर, सारमा भने यसले महिला आन्दोलनलाई राजनीतिक बन्नबाट फेरि पनि रोक्यो । सुधारको सेरोफेरोमा मात्रै अल्मल्यायो, महिलालाई दोस्रो दर्जामा राख्ने मूल मुद्दा प्राथमिकतामा आउन सकेन ।

महिलावादी आन्दोलन जातीय, पहिचानगत अथवा सांस्कृतिक आधारमा गरिने सबै प्रकारको विभेदको अन्त्य चाहन्छ । ब्राह्मण, क्षेत्री र केही दलित समुदायका महिला बाहेक अन्य महिलालाई सामाजिक परम्पराले दोस्रो विवाह गर्ने छुट दिन्छ । कतिलाई आफ्नो इच्छा विरुद्ध विवाह गर्न लगाइन्छ । महिलालाई सामाजिक-सांस्कृतिक विभेदको आधारमा विवाह गर्न नदिनु वा जबर्जस्ती गर्न लगाउनु मानव अधिकारको हनन् हो । यो एउटा अपराध पनि हो । त्यसैले, महिला आन्दोलन यो प्रवृत्तिको विरोध गर्छ । बिहे गर्नु वा नगर्नु, रातो लुगा लगाउनु वा नलगाउनु महिलाको वैयक्तिक स्वतन्त्रताको कुरा हो । बहस रातो लुगा लगाउनु वा नलगाउनु भन्ने होइन । बहस त पहिरन, शरीर र आत्मनिर्णय सम्बन्धी महिलाको अधिकारमाथि पितृसत्ताले जमाएको कब्जाबाट कसरी मुक्त हुन सकिन्छ भन्नेबारे हुनुपर्थ्यो, तर भएन । यौनिक पहिचानबारे छलफल गरिएन । बहस त विधवा महिलाले भत्ता पाउने वा नपाउने भन्नेमा केन्द्रित भयो । रातो लुगा लगाउने वा नलगाउने भन्नेमा केन्द्रित भयो । सरकारले विधवा महिलालाई भत्ता दिने प्रावधान ल्यायो । एकल महिलालाई सामाजिक सुरक्षा प्राप्त भयो भनियो । त्यस्तो सामाजिक सुरक्षाको दायराभित्र श्रीमान् बेपत्ता भएका, रक्स्याहा श्रीमान्‌बाट पीडित, विवाह नगरी एक्लै बसेका, घर परिवारबाट उपेक्षित, श्रीमान्‌सँग सम्बन्ध विच्छेद भएर पनि बच्चा एक्लै हुर्काउनु पर्ने, शारीरिक वा मानसिक रूपले अशक्त श्रीमान्‌को स्याहार गर्नुपर्ने महिला भने पर्न सकेनन्, जसलाई सामाजिक सुरक्षा अत्यन्त आवश्यक थियो । विधवा महिला धनी वा गरीब जे भए पनि विधवा भत्ता प्राप्त गर्ने समूहमा रूपान्तरित भए । आर्थिक हिसाबले अप्ठ्यारो स्थितिमा रहेका विधवा महिलालाई यसले थोरै राहत त दिलायो, तर पुरुष भएनन् भने महिला बेसहारा हुन्छन् भन्ने पितृसत्तामक मान्यतालाई यसले झन् जगैदेखि बलियो बनायो । सामाजिक सुरक्षाको बहस महिलावादीले चाहे जस्तो सामाजिक न्यायको मुद्दा बन्न सकेन ।

वि.सं. २०४६ को राजनीतिक परिवर्तन पश्चात् केही उपलब्धि नभएका होइनन् । केही उपलब्धि अवश्य प्राप्त भएका छन् । जस्तै, महिलाको पैतृक सम्पत्ति माथिको अधिकार लगायत महिलाका विषयमा भएका धेरै कानूनहरूको संशोधन भयो । वैवाहिक बलात्कार विरुद्धको कानून बन्यो । चेलीबेटी ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना तयार

भयो । राष्ट्रिय योजनामा महिलाका मुद्दा समावेश गरियो । महिला अधिकारको क्षेत्रमा काम गर्न बढी बजेट छुट्ट्याइयो । विधवा महिलाले सामाजिक सुरक्षा भत्ता पाए । तर, म फेरि दोहोऱ्याउँदै छु, यस्ता केही सुधारात्मक कामले मात्र संरचनागत परिवर्तन ल्याउन सकिँदैनथ्यो । त्यसो त पूँजीवादी पितृसत्तात्मक व्यवस्थालाई सुधारवाद नै बढी मन पर्छ । झन् संवैधानिक राजतन्त्रलाई नै सफलता ठान्ने वर्गलाई सुधारका यी प्रयासबाट फड्को मारेको लाग्नु स्वाभाविक थियो । तिनले कुनै संरचना बदल्नु परेन । महिलाका मुद्दामा क्रियाशील छौँ भन्ने बाहिर सन्देश पनि गयो । सदियौँदेखि पाखा लगाइएका समूहलाई पनि सुधारले आशा जाग्दछ । ती असल दिन पर्खिन थाल्छन् र सामाजिक समीकरण बदल्नतिर लाग्दैनन् । फलस्वरूप, सुधारका कुरा गर्नेहरू नै महिला अधिकारकर्मीका रूपमा स्थापित भए ।

वस्तुगत रूपमा महिलाको स्थिति सुधार हुने खाले संरचनागत फेरबदल भने विरलै भयो । वि.सं. २०५२ मा तत्कालीन नेकपा एमालेका अध्यक्ष मनमोहन अधिकारी अल्पमतको सरकारको प्रधानमन्त्री हुँदा वडा तहमा २० प्रतिशत महिला निर्वाचित गराउने व्यवस्था गरियो । सामाजिक सुरक्षाको सोच आयो । साथै, विकासका लागि स्थानीय निकायसम्म स्रोत पुऱ्याउने परम्परा थालियो । यी सकारात्मक संरचनागत परिवर्तनको दूरगामी प्रभाव पऱ्यो । यसले समुदायमा रहेका महिला र काठमाडौँमा बसेर आन्दोलनमुखी काम गर्ने महिला जोडिन पाए । संयुक्त राष्ट्र संघबाट लैंगिक मूलप्रवाहीकरण परियोजना शुरू भयो । छ ओटा जिल्लामा निर्वाचित महिला वडा सदस्यहरूको क्षमता अभिवृद्धि हुन पायो । अरू दातृ निकायले पनि त्यस्तो कार्यक्रममा लगानी गरे । धेरै महिलासँग संरचनागत अप्ठ्यारा र अनुभव साट्ने वातावरण मिल्यो । स्वतन्त्र महिला आन्दोलनका लागि वातावरण बन्न थाल्यो । अहिले स्थानीय निर्वाचनमा केही सक्षम महिला नेतृत्व आउन सक्ने परिस्थितिको बीज त्यति बेलै रोपिएको हो ।

वि.सं. २०४७ मा गठित अन्तरिम सरकारले अप्रिल १९९१ मा महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि लगायत मानव अधिकारका दस्तावेजहरूमा हस्ताक्षर गऱ्यो । सन् १९९३ मा मानव अधिकार सम्बन्धी विश्व सम्मेलन (भियना सम्मेलन) भयो । त्यहाँ "सबै महिला अधिकार मानव अधिकार हुन्" भन्ने मान्यता स्थापित भयो । सन् १९९४ मा जनसंख्या तथा विकास सम्बन्धी विश्व सम्मेलन भयो । यसमा संसारको सुख, समृद्धि र विकासका लागि महिला अधिकार, महिलाको सशक्तीकरण, महिलाको प्रजनन् तथा यौन अधिकार जस्ता क्षेत्र महत्त्वपूर्ण छन् भन्ने मान्यता स्वीकृत भयो । जनसंख्या तथा विकास सम्बन्धी कार्य योजनालाई नेपालले अनुमोदन गऱ्यो । कोपनहेगनमा भएका सामाजिक विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा पनि नेपालका मानव अधिकारकर्मी सक्रिय भए । विदेशी संघसंस्थाद्वारा महिलाको मुद्दामा लगानी गर्ने वातावरण बन्यो ।

सन् १९९५ मा चौथो विश्व महिला सम्मेलन बेइजिङमा हुने भनी घोषणा भएसँगै नेपालमा तयारी थालियो । यसले धेरैलाई महिलाका मुद्दा बुझ्ने, समुदायदेखि राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय तहसम्म जुट्ने अवसर प्रदान गऱ्यो । यो अवधिमा समुदाय तहका महिला अधिकारकर्मीको सहभागिता आवश्यक छ भनेर जिल्ला स्तरमा सक्रिय महिलालाई काठमाडौँ बोलाउने र सहभागी बनाउने चलन चल्यो । तिनलाई बेइजिङ सम्मेलनको नाममा र त्यसपछि स्रोतका कारण विभिन्न समूहमा विभाजन गरियो । बेइजिङ सम्मेलनले महिला अधिकारका १२ ओटा प्राथमिक क्षेत्र निर्धारित गऱ्यो । त्यसमा बेइजिङ सम्मेलनमा सहभागी भएका जिल्ला स्तरमा सक्रिय महिलालाई राखियो । केही महिला नेतृत्वमा आए । तर महिला आन्दोलन पछाडि धकेलियो । ती महिला परनिर्भर बने । जिल्ला स्तरमा काम गरिरहेका केही अग्रणी महिला भत्ता, सुविधा, होटलको खानपिनबिना काम गर्न नसक्ने बने । केही महिलावादीले भने सीमान्तीकरणका बाबजुद महिला अधिकारका मुद्दालाई अगाडि बढाउने कार्य गरी नै रहे । अन्तर्राष्ट्रिय महिला आन्दोलनका कारण सीमित रूपमै भए पनि यिनीहरूले सहयोग प्राप्त गर्न सके । समुदाय तहमा यिनीहरूले महिलाको जीवन, महिला सीमान्तीकरणका प्रमुख कारण, महिलामाथि हुने हिंसाका मुख्य कारण, यौनिक अधिकार जस्ता सवाल वरिपरि महिलालाई गोलबद्ध हुन सहयोग गरी नै रहे । महिला ओसारपसार र बेचबिखनको मुद्दालाई कुनै जात समूहको मुद्दा नमानी संरचनागत मुद्दाको रूपमा स्थापित गराउन खोजिरहे । चेलीबेटी बेचबिखनको समस्या भूमि, सीमान्तीकरण, जातीय विभेदसँग जोडिएको मुद्दा हो भन्ने मान्यता स्थापित भयो ।

## *२०४६ देखि २०५२ सम्मका उपलब्धिको समीक्षा*

वि.सं. २०४६ मा लोकतन्त्र प्राप्त भएपश्चात् देशमा केही महत्त्वपूर्ण मुद्दा महिलाका मुद्दाका रूपमा राजनीतिक आधारमा स्थापित पनि भए । वंशजको अधिकार, ओसारपसार तथा बेचबिखन विरुद्ध र महिलाको प्रजनन् तथा यौन अधिकारका मुद्दा र त्यसका लागि भएका संघर्ष, संघर्ष पछिका उपलब्धि यो समयको महत्त्वपूर्ण उपलब्धि थिए । तर, ती प्रतिफल प्राप्तिका लागि गरिएका आन्दोलनभित्र महिलावादी दृष्टिकोण टिकाइराख्न कठिन भएकै कारण प्राप्त प्रतिफल सबै महिलाको अधिकारको रूपबाट स्थापित हुन सकेन । महिलाका क्षेत्रमा काम गर्ने संस्थाभित्र मुद्दालाई हेर्ने विविध दृष्टिकोण हुँदा र अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको राजनीतिले गाँज्दा यी आन्दोलनको रूप र सार अत्यन्तै फरक रहे ।

उदाहरणका लागि महिलाको वंशजको अधिकारको आन्दोलनलाई लिऊँ । महिला र पुरुष समान भएकाले तिनको समान हक स्थापित हुनुपर्छ भन्ने आवाज धेरै अघि उठेको हो । मार्क्सवादी/समाजवादी महिलावादी सोच भएकाहरूले भुइँतहदेखि नै यो मुद्दा उठाएका थिए । लोकतन्त्र आएपछि महिलावादीहरूले यो छलफललाई दीगो तवरले अगाडि

बढाउनु पर्छ भन्ने मान्यता राखी समुदाय तहमा काम थाले । काठमाडौँमा महिला सुरक्षा दबाब समूहले यो मुद्दा सिलसिलेवार ढंगले उठायो । तर काठमाडौँमा सक्रिय र स्रोत-सम्पन्न केही महिला समूहका कारण, अलिकति भर्खर उठ्न लागेको महिला आन्दोलनले संरचनागत परिवर्तन गर्न नसकून् भन्ने चाहनाका कारण, अनि अलिकति दुष्प्रचार र अलिकति दाताहरूको दबाबका कारण यो आन्दोलन पैतृक सम्पत्तिमाथि महिलाको हक सम्बन्धी सतही संघर्षमा सीमित रहनुपऱ्यो । यो संघर्षका लागि क्रियाशील महिला समूह भनेर एउटा छुट्टै महिला सञ्जाल बन्यो । तर त्यहाँ सीमित व्यक्तिको सोच थोपरियो । महिला आन्दोलन कमजोर नदेखियोस् भनेर केही महिलावादीले सम्झौता गरे । वामपन्थी राजनीतिक पार्टीका भगिनी केही महिला संगठनभित्रै पनि वंशज अधिकारबारे अस्पष्टता रह्यो । राजनीतिक संघर्ष गर्ने तर गैरसरकारी संस्थाभित्र काम गर्ने महिलाहरू द्विविधाग्रस्त भए । यसरी वंशज माथिको अधिकार पैतृक सम्पत्ति माथिको अधिकारमा खुम्चिन पुग्यो । महिलाहरूले पैतृक सम्पत्तिमा अधिकार त पाए, तर ती प्रतिफल प्राप्तिका लागि गरिएका आन्दोलनभित्र महिलावादी दृष्टिकोण टिकाइराख्न कठिन भएकै कारण प्राप्त प्रतिफल सबै महिलाको अधिकारको रूपबाट स्थापित हुन सकेन । पुरुष सरह पहिचानको अधिकार प्राप्त गर्न तिनले अझै संघर्ष गर्नु परिरहेको छ ।

महिला ओसारपसार र बेचबिखन विरुद्धको आन्दोलनले पनि विभिन्न कठिनाइको सामना गर्नुपऱ्यो । महिला बेचबिखन संरचनागत मुद्दा हो । यसलाई चेतनामूलक कार्यक्रमले मात्रै सम्बोधन गर्न सक्दैनथ्यो । महिलाभित्र जात, समूह, भौगोलिक क्षेत्र र वर्गको आधारमा तिनको विभाजित स्थिति तथा विभिन्न महिला समूह बीचका समान र विशिष्ट समस्याको विश्लेषण गरिनुपर्थ्यो । त्यसैका आधारमा संरचनागत हेरफेर गरे मात्र यो समस्याको दीर्घकालीन सम्बोधन हुन सक्थ्यो । तर चेतनामूलक कार्यक्रम चलाउनेहरूलाई यस्ता विचार राजनीतिक कार्यक्रम लाग्ने नै भयो । त्यसैले, चेलीबेटी बेचबिखनका मुद्दा "बिचरा" गरीब महिला, अनपढ आमाबुबा वा भनौँ जातीय रूपमा पाखा पारिएका समूहको मुद्दाकै रूपमा प्रस्तुत भइरह्यो । हिजोदेखि हालीमुहाली गरिरहेका समूहलाई यस्तो दीनहीन प्रस्तुतिले फाइदा पुग्थ्यो । यस्ता अप्ठ्यारा हुँदाहुँदै चेलीबेटी बेचबिखनको मुद्दाले ठूलो फड्को माऱ्यो । सन् १९९६ मा बेचबिखन ओसारपसारबाट प्रभावित महिलाहरूको स्व-प्रतिनिधित्व हुने "शक्ति समूह" को गठन भयो (दनुवार २०७३ : १६५) । महिलावादी सोच राख्ने समूहले गरेको कामको यो एउटा राम्रो प्रतिफल थियो । त्यसै गरी सन् १९९७ मा महिला तथा बालबालिका बेचबिखन विरुद्ध एउटा सहकर्मी समूह (एटविन) को गठन पनि अर्को उदाहरण हो (विष्ट र पन्त २०७४ : १४०) । एटविनले "बेचबिखन ओसारपसारको मुद्दा बढ्दो आर्थिक उदारीकरण, आफ्नो शरीरमा महिलाको आफ्नो नियन्त्रण नभएको स्थिति र महिलाको—त्यसमा पनि गरीब महिलाको—श्रम, शरीर र यौनिकतामाथि नियन्त्रण गरी

पूँजी जुटाउने सोचसँग सम्बन्धित छ र यसको अन्त्यका लागि सामूहिक काम गर्नु आवश्यक छ" भनेर श्वेतपत्र जारी गऱ्यो । एटविनका संस्थापकहरू बीचमा यो संजाललाई औपचारिक दर्ता नगरी त्यसलाई एउटा आन्दोलन समूहको रूपमा राख्ने निर्णय भएको थियो । अहिले आएर यो एउटा अर्को गैरसरकारी संस्थाको रूपमा दर्ता छ । एटविनकै पहलमा सन् १९९७ देखि महिलामाथि हुने हिंसा विरुद्ध "कालो पहिरनमा महिला अभियान" चल्यो (विष्ट र पन्त २०७४) । शहरका मुख्य-मुख्य स्थानमा महिला हिंसा (विशेष गरी ओसारपसार र बेचबिखन) विरुद्ध कालो पहिरनमा महिलाहरू उभिए । यो अभियानमा विद्यार्थी संगठनको पूर्ण समर्थन थियो । अहिले त्यति खेरको उत्साह सम्झिने कमै छन् । तर, यो अभियानले समुदायमा कार्यरत महिलामा अत्यन्तै बलियो सन्देश प्रवाहित गऱ्यो । पीडामा हामी आफैले पनि आवाज उठाउन सक्छौँ भन्ने सन्देश गयो ।

वि.सं. २०४६ पछिको दशकमा स्रोतमा पहुँच र छिट्टै नाम कमाउने लोभका कारण महिलाको यौन तथा प्रजनन् अधिकारको सवालमा पनि ठूलो सम्झौता गरियो । महिलाको प्रजनन् तथा यौन अधिकार भनेको गर्भपतनको अधिकार मात्रै हो भने झैँ पारियो । यद्यपि, वि.सं. २०५३ देखि पाठेघर खस्ने समस्यालाई सम्बोधन गर्ने उद्देश्यले "हाम्रो शरीर हाम्रै हो" भन्ने सोच राखी उक्त अभियानलाई समुदाय तहदेखि नै दह्रो बनाउने अभियान थालियो । यसका लागि समुदाय स्तरका महिलाको सहज पहुँचमा रही चाहेको बेलामा उनीहरूलाई सहयोग पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न त्यहीँका महिलाहरू छनोट गरी "सयपत्री महिला" तालिम सञ्चालन गरिएको थियो । ती तालिमबाट प्रशिक्षित महिलालाई बेयरफूट गाइनोकोलोजिस्ट (पैदल स्त्रीरोग विशेषज्ञ) भनिन्थ्यो । यो अभियान विशेषत: पाठेघर खसेका महिलाका मुद्दा बाहिर ल्याउने अनि समाधान पनि गर्ने उद्देश्यसाथ चलाइएको थियो । यसलाई महिलामुखी महिला स्वास्थ्य कार्यक्रम अभियानकै रूपमा चलाइएको थियो । त्यस अन्तर्गत महिलाको शरीरमाथि आफ्नो अधिकार, प्रजनन्माथि नियन्त्रण, पाठेघर खस्ने समस्या र त्यसको समाधान जस्ता महिलावादी दृष्टिकोणबाट गरिएका कार्यक्रम चले । यी कार्यक्रमले सञ्चार माध्यममा केही ठाउँ त पाए तर प्राथमिकता पाएनन् । यद्यपि, यो आन्दोलनले देशभर एउटा हलचल भने ल्यायो । पाठेघर खस्ने समस्याबारे बोल्न नचाहने समाजमा यसबारे चर्चा शुरू भयो । सामुदायिक स्तरमा महिलाहरू संगठित भएर यी मुद्दाबारे बोल्न थाले ।

संयुक्त राष्ट्र संघको जनसंख्या कोष (युएनएफपीए) र महिला विकास विभागले ग्रामीण महिलाको लागि उत्पादन कर्जा (पीसीआरडब्लु) कार्यक्रम अन्तर्गत महिला सहकारी गठन गरेका थिए । ती सहकारीभित्र महिलाको सशक्तीकरण विषयमा वि.सं. २०५२ मा केही जिल्लामा अनुसन्धान भयो । सीमित स्थानमा गरिए पनि यो अनुसन्धानले महिलाहरू आर्थिक रूपले केही सशक्त भएको देखायो । तर, उनीहरूको आफ्नो शरीरमाथि नियन्त्रण

छैन भन्ने पनि देखायो । यसले प्रजनन् स्वास्थ्य समस्या, खास गरी पाठेघर खस्ने समस्याबाट ठूलो संख्यामा नेपाली महिला पीडित छन्, तर त्यसबारे बोल्न सक्दैनन् भन्ने तथ्य बाहिर ल्यायो । संयुक्त राष्ट्र संघको जनसंख्या कोषले प्रजनन् स्वास्थ्य अधिकारमा काम गर्ने महिलावादीहरू खोज्न थाल्यो । त्यसपछि जनसंख्या कोष र महिला विकास विभागले ७५ ओटै जिल्लाका महिला विकास अधिकृतलाई २०६० सालमा प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम दियो । तालिम पश्चात् धेरै जिल्लामा महिला विकास अधिकृतहरूले पाठेघर खस्ने समस्यामा केन्द्रित हुँदै स्वास्थ्य क्याम्पहरू आयोजना गरे । यसले प्रजनन् स्वास्थ्य जनस्वास्थ्यको मुद्दा मात्रै नभई सामाजिक संरचनाबाट सिर्जित मुद्दा हो भन्ने सोच स्थापित भयो । समुदायदेखि नै महिलाको प्रजनन् स्वास्थ्य अधिकार महिला आन्दोलनको मुद्दा बन्न पुग्यो । पछि यो मुद्दामा अरू संस्था सामेल भए ।

महिलाका मुद्दा अगाडि ल्याउन महिला मात्रै रहने स्थान आवश्यक छ भन्ने मान्यता अन्तर्गत धेरै ओटा सामुदायिक महिला स्वास्थ्य परामर्श केन्द्र खुले । केही परामर्श केन्द्र अहिले सरकारी कार्यक्रमभित्र चलिरहेका छन् । महिला अधिकारको राजनीति बुझ्ने राजनीतिक पार्टी भित्रका महिलाले पाठेघर खस्ने मुद्दा बुझ्न महिलावादीसित छलफल गरे । यो संवादमा तत्कालीन अखिल नेपाल महिला संघ (अनेमसं) र अनेमसं (क्रान्तिकारी) दुवैको महत्त्वपूर्ण भूमिका रह्यो । अनेमसंघ क्रान्तिकारीका शशि श्रेष्ठ सन् २००७ मा स्वास्थ्य राज्यमन्त्री भएपछि पाठेघर खस्ने समस्या र त्यसको समाधानलाई स्वास्थ मन्त्रालय अन्तर्गत नियमित कार्यक्रममा राखियो । यही कार्यक्रमलाई महिला मन्त्रालयले पनि सबै जिल्लाका महिला विकास कार्यालय मार्फत गरिरहेको थियो । तर सन् २०१४ मा निलम केसी महिला, बालबालिका तथा समाजकल्याण मन्त्री भएपछि भने महिला मन्त्रालयको नियमित कार्यक्रमबाट प्रजनन् स्वास्थ्य कार्यक्रमलाई फेरि स्वास्थ्य मन्त्रालयतिरै फर्काइयो । महिला विकास कार्यालयबाट भर्खरै महिलाको पाठेघर खस्ने समस्या विशुद्ध शारीरिक मात्रै नभई सामाजिक हो भन्ने बहस शुरू भएको थियो । यो समस्या समाधानका लागि समाजमा रहेको महिलाको स्थानमा परिवर्तन, महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक छ भन्नेबारे समुदाय तहमा भर्खर छलफल शुरू हुँदै थियो । यस्तो अवस्थामा यसलाई फेरि स्वास्थ्य मन्त्रालयतर्फ नै फर्काउँदा पाठेघर खस्ने समस्या भनेको शारीरिक समस्या नै हो, यसको समाधानका लागि स्वास्थ्य कार्यालय नै जिम्मेवार हुनुपर्छ भन्ने पुरानो सोचलाई नै टेवा पुग्यो । यसले फेरि एक पटक महिला स्वास्थ्य, सहभागिताका सवाल संरचनागत सवाल हुन्, संरचनामा परिवर्तनबिना यी समस्या कि सम्बोधन नै हुन सक्दैनन्, सम्बोधन भए पनि सतही मात्रै हुन्छन्, त्यसैले समाजमा रहेको महिला र पुरुषबीच स्थापित असमान शक्ति सम्बन्धमा परिवर्तनका साथै सबै खाले संरचनाहरुको संरचनागत परिवर्तन आवश्यक हुन्छ भन्ने महिलावादी सोचका साथ गरिएका कामलाई केही अप्ठ्यारो हुन गयो । महिलाहरू

निर्णायक तहमा पुगेर मात्रै महिला समस्याको समाधान हुँदैन, तिनीहरू महिलावादी भए मात्रै परिवर्तन हुन सक्छ भन्ने तथ्य यसले दर्शायो ।

२०४६ सालपछिको दशकमा अन्तर्राष्ट्रिय राजनीतिमा पितृसत्तात्मक पूँजीवादका नवउदारवादी नीति फैलिँदै थियो । महिला अधिकारको आन्दोलनलाई सरकारले सामाजिक संघसंस्थालाई हेर्ने दृष्टिकोणले पनि प्रभाव पार्‍यो । त्यति बेला कि त गैरसरकारी संस्था भएर परियोजना कार्यान्वयन गर्नुपर्थ्यो, कि राजनीतिक पार्टी भएर । अरूको एजेण्डा बोक्ने संगठन, कट्टरपन्थी धार्मिक संघसंस्था र प्रगतिशील सोच राखी संरचनागत परिवर्तनका लागि वकालत गर्ने संघसंस्था सबै एउटै कानून अन्तर्गत दर्ता गर्नुपर्ने बाध्यता थियो । यसले कार्यक्रमको औचित्य र प्रतिफल नाप्ने साझा मानक र सूचकांक बनाउन सकिएन । अर्को महत्त्वपूर्ण बाधा सञ्चार माध्यमको तत्कालीन प्रवृत्ति थियो । त्यति बेला, गहिरो अनुसन्धान नगरी महिलावादी कार्यक्रमलाई विकासे अनि डलर खेती भनेर चित्रण गर्ने प्रवृत्ति व्यापक थियो । सामूहिक आन्दोलनका माध्यमबाट परिवर्तन सम्भव छ र यो आन्दोलन राजनीतिक विचारधारामा मात्रै सीमित नभई महिलाको दृष्टिकोणबाट हुनुपर्छ भनेर काम गर्नेहरूलाई सञ्चार माध्यमले ठाउँ दिएन । महिला आन्दोलनकर्मीहरू सञ्चार माध्यममा देखिन, पढिन र सुनिन छाडे । बेला-बेलामा विज्ञ र स्वतन्त्र बुद्धिजीवी भनिनेहरूले सामुदायिक स्तरमा सक्रिय महिलाहरूसँग छलफलै नगरी सतही विश्लेषण गरे । यी दुवै प्रवृत्तिले संरचनागत परिवर्तनदेखि डराएको वर्गलाई फाइदा पुग्यो । नेपाली महिला आन्दोलन भनेको केही सीमित महिलाद्वारा सञ्चालित परियोजना मात्रै हुन् कि भन्ने भ्रम अन्तर्राष्ट्रिय स्तरमा पर्न गयो । संरचनागत हेरफेरका निम्ति गरिएका कामलाई सीमित महिलाहरूको आन्दोलनको रूपमा चित्रित गरियो । सामुदायिक तहमा क्रियाशील महिला निराश भए । र, उनीहरूले सधैँ सत्ता, सोच र स्रोतका लागि संघर्ष गरिरहनु पर्ने बाध्यता भइरह्यो । बेचबिखनबाट प्रभावित महिलाहरूको स्व-प्रतिनिधित्व, अनौपचारिक क्षेत्र—विशेष गरी मनोरञ्जन क्षेत्र—मा काम गर्ने महिला, वादी महिला, भूमि अधिकारका लागि क्रियाशील महिलाको संघर्ष ओझेलमा परिरहे । महिलाका अरू केही मुद्दा सतही रूपमा अवश्य निस्के । केही महिलाको देवत्वकरण भयो । तर, समुदाय स्तरदेखि क्रियाशील, देशभरि नै महिलाको मुद्दालाई संरचनागत परिवर्तनसँग जोडेर हेर्ने, राजनीतिक मुद्दा मान्ने र अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने महिला अभियन्तालाई निकै पछिसम्म महिला अधिकारकर्मीको संज्ञा समेत दिइएन ।

## वि.सं. २०५२ देखि २०७४ सम्म

वि.सं. २०५२ मा शुरू भई दश वर्षसम्म चलेको माओवादी सशस्त्र आन्दोलनमा महिला सहभागिताको कारण, तिनले उठाएका मुद्दा र त्यस पछिका चुनौती एवं उपलब्धिबारे चर्चा

नगरी नेपालको महिला आन्दोलन बारेको छलफल पूर्ण हुँदैन । किनभने यसमा माओवादी आन्दोलनको महत्त्वपूर्ण योगदान छ । वि.सं. २०४६ को आन्दोलनले दिएको अवसर र खडा गरेका चुनौतीलाई सम्याउने काम माओवादी आन्दोलनले गर्‍यो ।

महिलाको सहभागिताबिना कुनै पनि आन्दोलन सफल हुन सक्दैन भनेर एक शताब्दी अघि नै लेनिनले भनेका थिए । त्यसैले, लेनिनवादी मान्यता राख्ने पार्टी महिलाप्रति अरूभन्दा बढी संवेदनशील हुन्छन् भन्ने ठानिन्छ । तर, मार्क्सवादी लेनिनवादीहरू समेत समावेश भई बनेको २०४७ सालको संविधानले महिलालाई न्याय गर्न सकेन । सो संविधानमा केवल पाँच प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरियो । आफूलाई जोगाउन पितृसत्ताले राजनीतिक पार्टीको सिद्धान्त पनि लत्याउँछ भन्ने यसबाट स्पष्ट भयो । संवैधानिक र व्यावहारिक जीवनमा परिवर्तन नभएको स्थितिबाट उत्पन्न निराशालाई माओवादी जनयुद्धले पक्ड्यो । माओवादी जनयुद्धमा जसरी महिलाहरूको उत्साहजनक सहभागिता भयो, यसबाट "महिला मुक्ति" सम्भव छ र माओवादी पार्टी मार्फत यसलाई यथार्थमा रूपान्तरित गर्न सकिन्छ भन्ने विश्वास जागेको देखियो ।

महिला अधिकारको क्षेत्रमा वकालत गर्ने महिलाहरूको एउटा समूह यथास्थितिका कारण आजित थियो । तिनीहरू महिलाका मुद्दालाई गैरराजनीतिक बनाउने प्रवृत्तिबाट निराश भएका थिए । सबभन्दा ठूलो वामपन्थी राजनीतिक पार्टी एमालेको महिला संगठनले लघुवित्त जस्ता नवउदारवादी अवधारणाबाट ल्याइएका कार्यक्रम सञ्चालन गर्न थालेका थिए । राजनीतिक पार्टीसँग आबद्ध अरू केही नेता "बियोण्ड बेइजिङ समिति" जस्तो गैरसरकारी संस्थामा आबद्ध थिए । आफू गैरसरकारी संस्थामा आबद्ध भएर देश देशावर घुम्थे तर अरू गैरसरकारी संस्थालाई बदनाम पनि गरी हिँड्थे । यस्तो स्थितिका कारण सामुदायिक तहमा कार्यरत संघर्षशील महिला अन्योलमा परे । आफूलाई मार्क्सवादी भन्न रुचाउने कतिपय मध्यमवर्गीय महिलाहरू वर्ग सम्बन्धको मार्क्सेली परिभाषा स्वीकार्छन्, तर उनीहरूले कार्यकर्तालाई कस्तो समाज निर्माण गर्न खोजेका हुन् भनेर सही तवरले बताउन सक्दैनन्/चाहँदैनन् । आफूलाई अनुकूल हुने गरी व्याख्या गर्छन् । विभेदलाई प्रश्रय दिने र सामन्ती संस्कृति झल्किने आफ्ना व्यवहार परिवर्तन गर्न चाहँदैनन् । धेरै अगुवा महिलामा, अझ भन्ने हो भने आफूलाई मार्क्सवादी भन्ने धेरै महिलामा, यस्तो प्रवृत्ति देखियो । उनीहरूको ऐक्यबद्धता पहिलेदेखि स्रोत र सत्तामा पहुँच भएका महिलासँग थियो । हुन त त्यो मध्यमवर्गीय समूहभित्र पनि परिवर्तनका लागि राजनीतिक विश्लेषण सहित अघि बढ्नुपर्छ भन्ने जमात त थियो । तर उनीहरू अल्पमतमा थिए । त्यसकारण यो अवस्थामा पनि महिलाको स्थानमा सुधारका कुरा हुनुको साटो महिलाको आवश्यकतामा परिवर्तन जस्ता सतही छलफल र कार्यक्रमकै बाहुल्यता हुन गयो ।

त्यस्तो अवस्थामा पहिचान, जात, वर्ग, लिंगको आधारमा भइआएका सबै प्रकारका भेदभावको अन्त्य गर्ने आकर्षक नारा लिएर माओवादी पार्टी आयो । तत्कालीन संयुक्त जनमोर्चाले सामाजिक रूपान्तरण, संरचनागत परिवर्तन, महिला आधिकारका विषयवस्तु समावेश भएको ४० बुँदे मागपत्र सरकारसामु प्रस्तुत गऱ्यो । सो मागपत्रलाई सरकारले गरेको उपेक्षा धेरैले देखे । एउटा विशेष वर्ग र सबै प्रकारका सुविधा-प्राप्त समूह बाहेक सबै जनाले ती मागका उत्तर चाहे । लामो सामन्ती सत्ताको प्रताडना पश्चात् आएको २०४६ सालको परिवर्तनले पनि महिलाका लागि न्याय र समानता सुनिश्चित गरेन भन्ने निष्कर्षमा पुगेका एवं समुदाय तहमा धेरै प्रकारका हिंसा भोगेका महिला उक्त माओवादी सशस्त्र संघर्षमा होमिए । तथापि, माओवादी जनयुद्धका बेला धेरै नहुनुपर्ने क्रियाकलाप पनि भए । राज्य र विद्रोही दुवै पक्षबाट मानव अधिकारको गम्भीर उल्लंघन हुने गरी ज्यादतीहरू भए । यो यथार्थ हो र यसको मूल्य राज्य र माओवादीले चुकाउनै पर्छ । तर, यो आन्दोलनले महिलाको राजनीतिक सहभागितामा वृद्धि, समावेशी प्रतिनिधित्वको बहस, महिलाको भूमिकामा परिवर्तन जस्ता महत्त्वपूर्ण उपलब्धि हासिल गर्न उत्प्रेरकको भूमिका खेल्यो । देशमा पहिचानको मुद्दा स्थापित भयो । लोकतन्त्र र समावेशिता एक अर्काका परिपूरक हुन् भन्ने मान्यता स्थापित भयो । मधेश आन्दोलन र जनजातिहरूको आन्दोलन स्थापित भए ।

वर्षौंदेखि महिला अधिकारका सवालमा समुदायमा बसेर निरन्तर संघर्षरत महिलाले आफ्नो आन्दोलनलाई सतहमा ल्याउने मौका यसै अवधिमा पाए । रामगंज, सुनसरीकी महिला अधिकारकर्मी ठकनी मेहताले मलाई बताएकी थिइन् :

> हामीले हाम्रो गाउँमा चप्पल लगाउन मिल्दैनथ्यो । मालिकहरूको अगाडि हामी गरीब महिलाहरूले कसरी चप्पल लगाउनु भनेर सबैले भन्थे । २०४६ सालको आन्दोलनपछि हामीले गाउँमा चप्पल लगाउने अभियान नै थालनी गऱ्यौँ । तर बहुदलीय व्यवस्था ल्याउने पार्टीकै ठालुहरूले निर्घात कुटपिट गरे । हामी काखीमा चप्पल च्यापेर गाउँबाट बाहिर निस्केपछि मात्रै लगाउन सक्थ्यौँ । हामी गाउँ भरिका महिलाहरू मिलेर यो कुरामा संघर्ष गऱ्यौँ । हाम्रो गाउँका ठालुहरूको ज्यादतीले गर्दा महिलाहरू आफूमाथि भएको हिंसा, बलात्कार जस्ता घटनाहरू पनि बताउन सक्दैनथे । बताउनेले उल्टै कुटाइ खानुपर्थ्यो । त्यसको विरोध गर्ने हामी जस्ता महिलाहरूले त कति कुटाइ खायौँ खायौँ, हाम्रो कुरा कसैले सुन्दैनथे । तर, पछि समुदाय तहमा आएका केही महिलावादी संघ संस्थाहरू अनि माओवादी महिलाहरूले साथ दिएपछि मात्रै हाम्रो कुरा सुन्ने वातावरण बनाउन हामी सफल भयौँ । हामी चप्पल लगाएर हिड्न सक्ने भयौँ । हामीमाथि भएका हिंसाका घटनाहरू बाहिर ल्याउन सक्ने भयौँ ।

२०४६ सालको आन्दोलनपछि आफ्नो जीवनमा परिवर्तन गर्न समुदाय तहबाट संघर्ष गर्ने यस्ता धेरै महिलाका कथा छन् । तर यी महिलाहरू कहिल्यै देखिएनन्, सुनिएनन् । यिनका बारेमा लेखिएन पनि । माओवादी आन्दोलनले महिला अधिकारको राजनीतिक विश्लेषण हुनुपर्छ, निरपेक्ष लैंगिक समानताको मात्र कुरा गरेर पुग्दैन र लैंगिक समानताका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक उत्पीडन जस्ता अन्याय विरुद्ध आवाज उठाउनुपर्छ भन्ने महिलालाई आफ्नो मुद्दा राजनीतिक रूपले उठाउने मौका दियो । तथापि, यस्ता महिलालाई माओवादी कार्यकर्ताले पुऱ्याएका अप्ठ्यारा पनि कम थिएनन् । हरेक पाइलामा आफूले गरेको कामको तिनले पुष्टि गर्नुपर्थ्यो । तिनलाई अनि तिनको कामलाई बुझेपछि मात्र समुदाय तहमा रहेका माओवादीहरूले सहयोग गर्थे र बल्ल तिनले काम गर्न पाउँथे ।

माओवादी महिलाले गरेका भूमिगत आन्दोलनले अरू राजनीतिक पार्टीमा दबाब पर्न गयो । त्यसैले, ती पार्टीले पनि समुदाय तहमा राजनीतिक मुद्दा अघि सारेर काम गर्नुपर्छ भन्ने महसुस गरे । महिलाभित्र राजनीतिक विश्लेषण र संस्कार बढ्न थाल्यो । सामुदायिक स्तरमा कार्यरत महिला एक ठाउँमा भेला भई छलफल गर्नुपर्ने रहेछ भन्ने बोध भयो । त्यसलाई मूर्त रूप दिन वि.सं. २०६१ मा देशभर विभिन्न रणनीति लिई शान्ति सम्मेलनका नाममा पाँच ओटा सभा भए (महिला पुनर्स्थापना केन्द्र २०६१) । हरेक सभामा घोषणापत्र तयार गरियो । यी घोषणापत्र महिलाको छलफलका मुद्दा बने । रणनीतिक रूपले गरिएका यी कार्यक्रम बाहिरबाट हेर्दा सम्मेलन देखिए पनि यिनले समुदाय स्तरदेखि महिला अधिकारको आन्दोलनलाई स्वतन्त्र रूपले अगाडि बढाउन र आफ्ना मुद्दामा छलफल गर्दै न्यायपूर्ण शान्तिका लागि आवाज उठाउन घच्घच्यायो । वि.सं. २०५८ पछिको संकटकालका अवधिमा गरिएका यी सम्मेलनको आयोजना आफैमा कम चुनौतीपूर्ण थिएन । भलै समुदाय स्तरमा क्रियाशील महिला अधिकारकर्मीको प्रतिबद्धताका कारण यी सफल भए । त्यस क्रममा भएका छलफलबाट तत्कालीन अवस्थामा रहेका महिलाका मुद्दा पहिचान गर्न सहज भयो । तिनमा अविलम्ब शान्ति स्थापना, अपांगता भएका व्यक्तिहरूलाई सहयोग, मानसिक तनावबाट मुक्तिका लागि पहल, जनयुद्धका क्रममा राज्य र विद्रोही दुवै तर्फबाट भएका ज्यादतीले निम्त्याएका समस्या तथा वैदेशिक रोजगारीमा गएका युवाका परिवारले भोग्नुपरेका चुनौती प्रमुख सवालका रूपमा आए । त्यसपछि भएका छलफलमा महिलाहरूले न्याय र शान्तिका आवाज उठाउन लागे । समुदाय स्तरदेखि माओवादीद्वारा प्रशिक्षित महिला र पार्टीमा असंलग्न महिलाबीच महिलाका मुद्दामा छलफल हुने क्रम बढ्यो । वर्षौंदेखि पीडा दबाएर बस्न बाध्य महिलाले माओवादीका "जनअदालत" मा आफ्नो पीडा पोख्न थाले । तिनमा न्याय पाइन्छ कि भन्ने आशा पलायो ।

यी सकारात्मक परिणाम सँगैसँगै माओवादी कार्यकर्ताका कतिपय ज्यादतीपूर्ण व्यवहारले सिर्जना गरेका चुनौती भने भुल्न मिल्दैन । आफ्ना कार्यकर्तालाई भात पकाएर ख्वाउन

दिइने धम्कीपूर्ण आदेश, अन्य बहानामा बेलाबखत खप्की खानु पर्ने स्थिति, "जनअदालत" मा गरिने भाटा कारवाही जस्ता अमानवीय व्यवहार त्यति बेला महिलाले भोग्नुपरेको थियो । त्यस्तै, त्यो समयमा महिला हिंसा विरुद्ध आवाज उठाउने, भूमि अधिकारका लागि आवाज उठाउने तथा प्रजनन् स्वास्थ्यमा काम गर्ने महिला राज्य र विद्रोहीको दोहोरो चपेटामा परेका थिए । त्यसले समुदायमा टुसाउँदै गरेको महिला आन्दोलनलाई फेरि अप्ठेरोमा पाऱ्यो । माओवादी र सरकार पक्षको सम्बन्ध जति कठोर हुँदै गयो, त्यति नै आवश्यकता अनुसार समुदाय तहमा यी महिलाले कहिले सुषुप्त त कहिले राजनीतिक आवरणमा काम गर्न बाध्य भए ।

वि.सं. २०६१ माघमा राजाले सबै शक्ति आफूमा केन्द्रित गरेर देशमा निरंकुश शासन शुरू गरेपछि फेरि एक पटक नेपाली महिला आन्दोलनले नयाँ चुनौतीको सामना गर्नुपऱ्यो । लोकन्त्रका पक्षधर नेताहरूलाई धरपकड तथा नजरबन्द गर्न थालेपछि धेरै नेताहरू भूमिगत भए । त्यसले गर्दा महिला आन्दोलनका पक्षधरहरू पनि केही समय अल्मलिए । पछि गएर तिनले काठमाडौँमा क्रियाशील मानव अधिकारकर्मीसँग मिलेर लोकतन्त्र फर्काउने उपाय खोज्न लागे । उता समुदाय तहमा रहेका महिलाहरू भूमिगत नेताहरूलाई कसरी सुरक्षा दिन सकिन्छ वा जोगाउन सकिन्छ भन्नेतिर लागे ।

वि.सं. २०६१ पछि राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा फेरि तिनै महिला सक्रिय देखिए जो पहिल्यैदेखि स्रोत र सत्तामा हालीमुहाली गर्दै आएका थिए । राजाले तिनीहरूलाई नै मन्त्री बनाए । राष्ट्रिय महिला आयोगमा ल्याए । यी दृष्टान्तले २०४६ सालको आन्दोलनपछि महिला आन्दोलनको नाममा कस्ता महिलाले अगुवाइ गरे भन्ने स्पष्ट पार्छ । उता २०४६ सालदेखि नै महिला आन्दोलनलाई राजनीतिक आन्दोलनसँग जोडेर हेर्ने, महिलाका मुद्दा संरचनासँग जोडिएका राजनीतिक मुद्दा हुन् भनी मान्ने महिला अधिकारकर्मी राजाको कदम विरुद्ध एकजुट भए । तिनीहरूले राजाको शासनकाल देशका लागि खराब छ र नेपालमा शान्ति आवश्यक छ भनेर संसारलाई स्पष्ट बनाउँदै संयुक्त राष्ट्र संघमा वक्तव्य दिए । नेपालको इतिहासमा महिलामाथि हुने हिंसा राजनीतिक विषय हो, यसलाई राजनीतिक रूपले समाधान गर्नुपर्छ भन्ने विश्लेषण गरेर संयुक्त राष्ट्र संघमा महिला अधिकारकर्मीद्वारा प्रस्तुत यो पहिलो दस्तावेज थियो । राजाको शासन कालमा पाँचै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी समुदाय तहका २५ जना महिला बनारसमा भेला भएर महिला हिंसाको अभिलेखीकरण विषयमा छलफल गरे । यही बेलादेखि नै देशमा महिला हिंसालाई राजनीतिक तवरले विश्लेषण गर्दै अभिलेखीकरण गर्ने र त्यसको आधारमा पैरवी गर्ने कामको शुरूआत भयो ।

वि.सं. २०६२ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर महिला मानव अधिकार रक्षकहरूको संगठनको छातामुनि देशभरका अगुवा महिलाहरूको पहिलो परामर्श

गोष्ठी आयोजना भयो । पाँच सयभन्दा बढी महिला सम्मिलित यो परामर्श गोष्ठीमा संयुक्त राष्ट्र संघीय मानव अधिकार रक्षकहरू सम्बन्धी महासचिवको प्रतिनिधि पनि आमन्त्रित थिए । उक्त गोष्ठीमा उपस्थितमध्ये ८५ प्रतिशतभन्दा बढी महिला काठमाडौँ बाहिरका थिए । गोष्ठीको अन्त्यमा पारित घोषणापत्र जारी गर्नुका साथै राजा ज्ञानेन्द्रको निरंकुशता विरुद्ध महिलाहरूले एक स्वरमा आवाज पनि उठाए । साथै, तिनले महिलाको विविधताको सम्मान हुनुपर्छ भन्ने नारा लगाए । यस लगत्तै विभिन्न जिल्लामा लोकतन्त्रको पुनर्बहालीका लागि महिलाहरू गोलबद्ध हुने क्रम शुरू भयो । महिलाहरूले राजतन्त्रको विरोध मात्रै गरेनन्; यसले महिला अधिकारलाई कसरी कुण्ठित पारेको छ, महिला हिंसाका प्रमुख कारण के-के हुन्, तिनलाई निर्मूल गर्न के-कस्ता कार्यलाई प्राथमिकता दिनुपर्छ भन्ने समेत स्पष्ट बनाए । सुषुप्त रहेको महिला आन्दोलन एक पटक फेरि सतहमा आयो । तर बिडम्बना, फेरि महिलाले अगुवाइ गरेका यस्ता कार्यलाई नागरिक समाजका पुरुष अगुवाको कार्यक्रम भनियो । महिलाका ती प्रयास कहीँ कतै दस्तावेजमा आएन । त्यसै बीचमा महिला अधिकारलाई अझ फराकिलो र स्वतन्त्र बनाउने उद्देश्यले काठमाडौँका केही शिक्षित युवा महिलाले भूमिगत तवरले "चरित्रहीन चेली" नामक एउटा अभियान शुरू गरे । पत्रपत्रिकामा उक्त समूहको नामबाट लेख आउन थाल्यो । विशेष गरी महिलाको यौनिकता र अधिकारको मुद्दालाई सार्वजनिक छलफलको मुद्दा बनाउन यो आन्दोलनको ठूलो भूमिका रह्यो ।

वि.सं. २०६२–२०६३ मा भएको १९ दिने जनआन्दोलनमा देशभर महिलाले अत्यन्तै उत्साहपूर्ण रूपमा एकजुट भई सहभागिता जनाए । "महिला अधिकारका लागि लोकतन्त्र" भन्ने तिनको मूल नारा थियो । काठमाडौँमा महिला अधिकारकर्मी भनी नाम चलेका महिला भने यो आन्दोलनमा समाहित थिएनन् । जनआन्दोलन सफल हुन्छ भन्ने निश्चित भएपछि मात्र उनीहरू आन्दोलनमा देखिन थाले । आन्दोलनको अन्तिम चरणमा त यस्ता महिला विभिन्न प्रगतिशील, पेशागत समूहहरूले आयोजना गर्ने जुलुसको अग्रभागमै देखिन थाले । फेरि एक पटक अवसरवादी समूह नै नेतृत्वमा स्थापित हुने स्थिति बन्यो ।

लोकतन्त्र प्राप्तिको आन्दोलन सफल भएपछि पनि भुइँतहमा सक्रिय महिला अधिकारकर्मीलाई आफ्नो सुरक्षा चुनौतीपूर्ण थियो । शान्ति प्रक्रिया शुरू भइसकेपछि माओवादीहरू शहर आएका थिए । उनीहरूले सञ्चालन गरेका "जनअदालत" बन्द भइसकेको थियो । हिजो महिलालाई दुःख दिने सामन्ती फेरि गाउँ पसेका थिए । यतिखेर महिला अधिकारका लागि आवाज उठाएका धेरै महिलामाथि कुटपिट भयो । दुई जना महिलाको त हत्या नै भयो । समुदाय, राज्य, सञ्चार सबै संरचना पितृसत्तात्मक भएकाले महिला अधिकारका लागि आवाज उठाउने महिलालाई घर परिवार भाँड्ने भनेर आरोप लाग्थ्यो । यो आरोप अहिले पनि लागिरहेकै छ । महिला अधिकार आन्दोलनले फेरि

अर्को रूप लियो । समुदाय तहदेखि आफ्ना मुद्दामा सक्रिय महिलाहरू महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालमा एकबद्ध भए । मंसिर २०६३ मा "महिला मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षा अपरिहार्यता" विषयक कार्यक्रम भयो । उनीहरूले भोग्नु परेका पीडाका कारण उक्त परामर्श गोष्ठीमा महिला सुरक्षाको विषयले प्राथमिकता पायो । तिनीहरूले "समानता तथा न्यायपूर्ण शान्तिका लागि नेपाली महिलाहरूको बडापत्र २०६३" जारी गरे । तर, सामुदायिक अभियन्ताहरूले छलफललाई यतिमै मात्र सीमित राख्न चाहेनन् । महिलाका क्षेत्रमा काम गर्ने काठमाडौंमा सक्रिय संघसंस्था सबैलाई बोलाएर गहिरो छलफल गरी महिला बडापत्र तयार गर्ने र राजनीतिक पार्टीहरूलाई दिने निधो भयो । सोही निर्णय अनुसार, समतामूलक साझेदारी तथा न्यायपूर्ण शान्तिका लागि महिला अभियान भन्ने छाता समूह मातहतमा महिला बडापत्र तयार भयो । यो बडापत्र महिलावादीहरूले आफ्नो धारणा सार्वजनिक गरेको पहिलो दस्तावेज थियो । यो दस्तावेज राजनीतिक पार्टीका नेताहरूलाई हस्तान्तरण गरियो । दस्तावेज आएपछि सुधारवादीहरू र तिनका आश्रयदाता निकायलाई झट्का लाग्यो । तिनले ठूलो रकम प्राप्त गर्दै समावेशी र महिलाको समान सहभागिताका लागि वकालत गर्ने भन्दै सञ्जाल निर्माण गरे । पछि यस्ता धेरै ओटा बडापत्र बजारमा देखिए ।

वि.सं. २०६२–२०६३ को आन्दोलन सफल भएपछि केही सुधारवादी कामलाई देखाएर फेरि उही सुविधाभोगी समूह केन्द्रमा आउन थाले । महिलाको समावेशी सहभागिताको चर्चा शुरू भयो । विदेशी निकायभित्र पनि स्रोत प्राप्तिका लागि समावेशीकरण महत्त्वपूर्ण विषय बन्न पुग्यो । यस क्रममा पछाडि पारिएका समूहबाट पनि प्रतिनिधित्व त गराइयो, तर त्यसरी प्रतिनिधित्व गरिएका समूह भित्रका पनि माथिल्लो वर्ग र समूहका टाठाबाठाले नै ती अवसर लिए । यद्यपि, यो समयमा समावेशीकरणका केही कार्यक्रम थालिनु सकारात्मक नै मान्नुपर्छ । यति हुँदाहुँदै पनि महिलामाथि हुने हिंसा राजनीतिक रूपमा छलफलको विषय बन्न भने सकेको थिएन । संक्रमणकालको बहानामा महिलामाथि हुने हिंसाका विषय पाखा लगाइए । समुदाय तहदेखि नै सुरक्षा संयन्त्र खल्बलिएकाले महिलामाथि हुने हिंसा बढेको थियो । न्याय पाउन अत्यन्तै कठिन थियो । महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालले जस्तो सबै महिला अटाएको खुला मञ्चले यस्ता मुद्दालाई राजनीतिक रूपले हेरिनु पर्छ भन्दै महिला आन्दोलनको पाटो बनाउने अभियान चलाइरहेको थियो । यसैबीच जून ६, २००८ मा कञ्चनपुरकी महिला मानव अधिकार रक्षक लक्ष्मी बोहोराको रहस्यमय मृत्यु भयो । उनी विभिन्न प्रकारका घरेलु हिंसाबाट पीडित थिइन् । महिला मानव अधिकार रक्षक सञ्जालले उनको मृत्युप्रति आशंका व्यक्त गर्दै उचित छानबिनको माग गरे । खासै सुनुवाइ नभएपछि बोहोरा हत्याको उचित अनुसन्धानको माग राखेर कञ्चनपुरका महिला मानव अधिकार रक्षकहरूको अगुवाइमा भएको आन्दोलनलाई

महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको सचिवालयले सहजीकरण गऱ्यो। यसै सिलसिलामा सन् २००८ मा २४ दिने घरेलु हिंसा अन्त्यको माग राख्दै रिले अनसन गरियो। यसमा राजनीतिक पार्टीका करिब ७०० जना महिलाको ऐक्यबद्धता थियो। कूल ५० भन्दा बढी जिल्लाका महिला सहभागी रहेको यो आन्दोलनमा ८० जनाभन्दा बढी संविधानसभा सदस्यले ऐक्यबद्धता जनाएका थिए। तीन हजारभन्दा बढी अधिकारकर्मी सामेल भए। फलस्वरूप घरेलु हिंसा विरुद्धको ऐन ल्याउन संविधानसभाको अध्यक्षले सरकारलाई निर्देशन दिनुपऱ्यो। गृह मन्त्रालयले महिला हिंसा विरुद्ध कार्यदल गठन गऱ्यो। उक्त कार्यदलले महिला हिंसा न्यूनीकरणको लागि घरेलु हिंसा लगायत विभिन्न प्रकारका हिंसा अन्त्य गर्न कानून बनाउन सिफारिस गऱ्यो। पछि राजनीतिक विश्लेषण र चेतनाको अभाव, समयभित्र दातालाई उपलब्धि देखाउनपर्ने दबाबमा रहेका महिला संस्थाका कारण अत्यन्तै कमजोर घरेलु हिंसा विरुद्धको ऐनमा चित्त बुझाउनु पऱ्यो।

## *वि.सं. २०५२ पछिका उपलब्धिको समीक्षा*

नेपालका सबै राजनीतिक आन्दोलनमा जनजाति, दलित, मधेशी महिला सहभागी थिए। २०४६ सालको आन्दोलनमा धनुषाको यदुकुहामा मधेशी महिलाहरूले शहादत प्राप्त गरे। त्यस्तै, २०६२–२०६३ को जनआन्दोलनमा नेपालगञ्जमा सेतु विकले शहादत प्राप्त गरेकी थिइन्। यस्ता तथ्यले हरेक आन्दोलनमा महिलाको सक्रिय सहभागिता र बलिदानी थियो भन्ने पुष्टि हुन्छ। तर, महिलाको त्याग र बलिदानीलाई हरेक आन्दोलनको सफलता पश्चात् बिर्सने काम भयो। तिनीहरू नेतृत्वमा आउने वातावरण बनेन। सामाजिक, आर्थिक, राजनीतिक रूपले पछाडि पारिएका महिलाको मुद्दाबारे ती आन्दोलन क्रममै पनि गम्भीर समीक्षा भएन। आन्दोलनका अगुवा समूहको सोच सबै महिला समान रूपले पीडित हुन्छन् भन्ने नै रह्यो। माओवादी सशस्त्र आन्दोलनका बेलामा भने यो विषयमा विश्लेषण गर्दै छलफल अगाडि बढाइयो। पहिचानको वकालत गर्ने तथा पहिचान मानव अधिकारको महत्त्वपूर्ण पाटो हो भन्ने महिलाहरूले यो छलफल कायम राखे। स्व-प्रतिनिधिमूलक समूहमा रहेका प्राज्ञिक महिलाहरूका अनुसन्धानमूलक लेख रचनाका कारण यी मुद्दा सार्वजनिक वृत्तमा देखापरे। तर, समुदायमा बसेर महिलाका सवालमा काम गरिरहेका महिला अभियानकर्ताको उचित पहिचान हुन सकेन। तिनका मुद्दाको उचित राजनीतिक विश्लेषण पनि भएन। आन्दोलनभित्र पहिलादेखि नै स्रोत र सत्ताको पहुँचमा रहेका महिलाको वर्चस्व रह्यो। जनजाति महिलाको मुद्दा अगाडि ल्याउनु अत्यन्तै सकारात्मक कदम थियो। त्यसभित्र जनजाति महिलाको विविधता, पीडा र भोग्नुपर्ने चुनौतीका मुद्दाहरू भने ओझेलमा परिरहे। हुन त जनजातीय पहिचानको आन्दोलनले धेरै स्तरमा औपनिवेशीकरण विरुद्ध लड्नु पर्दछ; त्यो आन्दोलनले विभिन्न तरल परिस्थितिको सामना गर्नु पर्दछ। त्यति हुँदाहुँदै पनि

महिला अधिकारमा काम गर्ने संस्था र तिनका प्रकाशनको माध्यमबाट नीतिगत तहमा एवं माओवादी जनयुद्धमा बहुसंख्यक जनजाति महिलाको सहभागिताले समुदाय तहमा जनजाति महिलाका मुद्दा सतहमा ल्याइदियो । शान्ति निर्माण प्रक्रियापछि माओवादी पार्टीभित्र अन्योल छाएपछि भने जनजाति महिलालाई न्याय भएन । जनयुद्धबाट प्रभावितहरूको संख्या समुदायमा हेर्ने हो भने अधिकांश महिला जनजाति नै छन् । तर, उनीहरूको पीडा, जीवनयापनका क्रममा उनीहरूले दैनिक भोग्नुपरेका कठिनाइबारे कहिल्यै छलफल भएन । महिला आन्दोलनभित्र पीडित महिलाबारे बोल्नेहरूमा निराशा बढ्यो । दलित महिलाको मुद्दामा पनि त्यस्तै भयो । फेमिनिस्ट दलित अर्गनाइजेशन (फेडो), दलित महिला संघ लगायत दलित महिला अधिकारमा काम गर्ने थुप्रै संस्था आए । दलित महिलाका मुद्दामा कुरा भयो । तर समुदायका महिलाको जीवनमा त्यो लागू हुन सकेन । दलित महिलाको मुद्दालाई संरचनागत तवरले हेर्नुपर्छ भन्ने दलित महिला ओझेलमै परिरहे ।

यस्तो स्थितिमा वादी महिलाहरूको आन्दोलनलाई काठमाडौँमा भएको सहयोग र हलिया, हरुवा, चरुवा जस्ता बहुसंख्यक दलित समूह सहभागी भएको आन्दोलनभित्र नेतृत्व तहमा रहेका महिलाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रह्यो । उनीहरूले समग्र दलित महिलाको आन्दोलनलाई राजनीतिक विषय बनाए । दलित महिलाको मुद्दालाई वर्गीय मुद्दाका साथसाथै लैंगिक रूपले पनि हेर्नुपर्छ भन्ने मान्यता बोकेका राजनीतिक पार्टीहरूले यसलाई आ-आफ्नो घोषणापत्र अनुसार कार्यान्वयन पनि गर्नुपर्छ भन्ने दबाब सिर्जना भयो । जनयुद्धताका धेरै दलित महिलाहरूको अन्तर्जातीय विवाह भएको थियो । शान्ति निर्माण प्रक्रिया शुरू भएपछि यस्ता महिलाहरूको पारिवारिक विखण्डन भयो । दबाब स्वरूप भएका परिवर्तन दीगो हुन सक्दैनन् । संरचनागत परिवर्तनबिना दलित अधिकार सुनिश्चित हुँदैन भन्ने यसबाट स्पष्ट भयो ।

संविधानबाट असन्तुष्ट मधेशी राजनीतिक पार्टीहरूले स्वतन्त्रता र पहिचानको सवाल उठाउँदै मधेश आन्दोलनको उद्घोष गरे । धेरै महिलाहरू त्यसमा समाहित भए । मधेश आन्दोलन शुरू हुनुअघि महिलाका मुद्दा मात्रै उठाउने भनी विदेह फाउन्डेशन जस्ता संस्था क्रियाशील थिए । मधेश आन्दोलनका बखत भने त्यस्ता स्थापित संस्थाभन्दा स्वतःस्फूर्त रूपले निस्केका महिलाहरू बढी संलग्न थिए । पहिचानका साथ महिला अधिकारका मुद्दामा सक्रिय महिलाहरूले पूर्ण सहयोग पाएनन् । काठमाडौँमा रहेका महिला आन्दोलनकर्मीहरू त्यतिखेर मधेश जान सक्ने स्थिति थिएन । फलस्वरूप महिला मानव अधिकार रक्षकहरूले काठमाडौँमा कार्यक्रमका योजना बनाए । महिला हिंसा विरुद्ध बोल्दा पीडक कुन जाति, वर्ग, समुदाय र पार्टीको हो त्यसले मुद्दालाई प्रभावित पार्ने स्थिति सिर्जना भयो । समुदायमा बसेर काम गरिरहेका मधेशी महिलाहरूले त्यसलाई सामना गर्दै अगाडि बढे । तर, मधेशमा आफ्नो पहिचान र स्वतन्त्रताका लागि भएको यो आन्दोलनले समग्रमा महिलाका मुद्दालाई

प्राथमिकतामा राखेन । पछि बिस्तारै महिलाका मुद्दा पनि समावेश हुन थाले । महोत्तरी, सर्लाही, सिरहा, पर्सामा मधेशको स्वतन्त्रता र पहिचानको मुद्दाका साथ महिला अधिकारका मुद्दा समावेश भए । अहिले पनि मधेशमा महिलाको जनजीविकासँग सम्बन्धित स्वतःस्फूर्त आन्दोलन जारी छ । दलित महिलाको संख्या धेरै रहेको सुकुमबासी महिलाहरूको जमिन र वासको अधिकार, दाइजो विरुद्ध न्याय र वैदेशिक रोजगारीले जन्माएका कतिपय महिला हिंसा विरुद्ध मधेशी महिलाहरू नै एकजुट भई आवाज उठाइरहेका छन् ।

तर, अन्यत्र जस्तै मधेशभित्र पनि महिलाका सवाललाई परियोजना मूलक काममा सीमित राख्ने प्रचलन बढ्दो छ । परियोजना सकियो, महिलाका मुद्दा सकियो भने जस्तो स्थिति सिर्जना गरिँदै छ । यो शुभ संकेत होइन । यसले स्वतन्त्र रूपले उठ्न थालेको मधेशी महिला आन्दोलन अप्ठ्यारोमा पर्न लागेको संकेत गर्छ । मधेशी महिला अधिकारकर्मीहरूले कहिले राजनीतिक पार्टीका महिलासँग संघर्ष र सहकार्य गरिरहनु परेको छ त कहिले परियोजनामुखी कार्यसँग तालमेल मिलाउनु परिरहेको छ । यसले गर्दा समुदाय तहमा बसेर काम गरेका महिला फेरि ओझेलमा परेका छन् ।

समग्रमा यो अवधिमा महिला आन्दोलनका अरू पनि महत्त्वपूर्ण उपलब्धि भए । महिलाको भूमि माथिको अधिकार; कमलरी महिलाहरूको स्वतन्त्र अधिकार; वादी महिलाहरूको विद्रोह; सुकुमबासी महिलाहरूले आफ्नो बास अधिकारका लागि गरेको संघर्ष; मधेशी, मुस्लिम, जनजाति महिलाहरूको पहिचान; अपांगता भएका व्यक्तिहरूको समग्र आन्दोलन; घरेलु श्रमिक महिलाहरूको अधिकार; मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूको अधिकार; सुकुमबासी महिलाहरूको अधिकार जस्ता मुद्दाहरू महिला आन्दोलनको एजेण्डा बने । तर यी मुद्दा अझै महिलाका मुद्दा भनेर राजनीतिक रूपमा स्थापित हुन सकेका छैनन् । समुदायदेखि उठेका केही आन्दोलन स्व-प्रतिनिधित्व गर्ने समूहबाट उठाइएकाले अगाडि बढेको छ । अरू मौसमी अभियान जस्ता देखिएका छन् । अर्को महत्त्वपूर्ण पक्ष, महिलाको पहिचानका बारेमा छलफल भए । त्यसपछि नेपाल आदिवासी महिला मञ्च (एनआईडब्लुएफ) र विदेह फाउन्डेशन जस्ता महिलाहरूको पहिचान-केन्द्रित संस्था गठन भए ।

## अन्त्यमा,

विभिन्न कालखण्डका आन्दोलन राजनीतिक परिवर्तनको मुद्दामाथि केन्द्रित थिए । तर तिनमा महिलाका मुद्दा पनि उठेका हुन् । वि.सं. २००४ सम्म भएका आन्दोलन महिलाको सवालभन्दा राजनीतिक परिवर्तनको सवालमा बढी नै केन्द्रित थिए । राजनीतिमा पुरुष नै नेतृत्वमा थिए । राजनीतिक आन्दोलनमा लागेका अधिकांश महिलामा केही सुधारका कार्य भए हुन्छ भन्ने सोच थियो । त्यसैले, महिलाहरू यी आन्दोलनमा सामेल भए पनि यिनमा महिलाका मुद्दा समाहित हुन सकेनन् । राजनीतिक चेतना भएका महिलाहरूले आ-आफ्नो

पार्टीभित्र महिलाका मुद्दालाई लिएर संघर्ष गरिरहे । समुदाय तहमा राजनीतिक परिवर्तनका लागि महिलालाई संगठित गरे । महिलाका मुद्दामा खबरदारी जारी राखे । फलस्वरूप, समुदाय स्तरमा महिलाका विषयमा संगठित हुने बोल्ने काम भइरह्यो । राजनीतिक उतारचढाव र राज्यले लिएको नीति जस्ता कुराले भने महिला आन्दोलनलाई जहिले पनि प्रभाव पारिरह्यो । भुइँतहमा भएका महिला आन्दोलनमा कहिल्यै पनि जात, धर्म, भाषा जस्ता कुराले स्थान पाएनन् । वर्गीय मुद्दा नै प्रमुख थियो । तर, २०४६ सालको आन्दोलन पछिको खुकुलो राजनीतिक परिवेशले भने महिला आन्दोलनमा अर्को नयाँ अध्याय शुरू गर्‍यो । यद्यपि राजनीतिक पार्टी भित्रका महिलामा पर्याप्त अलमल पनि थियो । यो अवधिमा पहिलेदेखि नै सत्ता र स्रोतमा हालीमुहाली भएका महिलाहरूले महिला अधिकारका नाममा धेरै परियोजना चलाए । यसले गर्दा समग्र महिला आन्दोलन झन् अलमलियो ।

वि.सं. २०५१ मा मनमोहन अधिकारी प्रधानमन्त्री भएको बखत ल्याइएको स्थानीय निकायमा २० प्रतिशत महिला सहभागिताको प्रावधानले धेरै महिलामा आत्मविश्वास बढ्यो । तिनीहरू समुदाय स्तरमा नेतृत्व लिन सकिन्छ भन्ने कुरामा प्रस्ट भए । महिलावादीहरूले उक्त अवसरको उपयोग गरेर महिला आन्दोलनलाई विकसित गर्ने काम गरे । माओवादी जनयुद्ध शुरू भएपछि भने महिला आन्दोलनले अर्को दिशा लिन सक्यो । माओवादीले महिलालाई राजनीतिक रूपमा सचेत गराएका कारण बाहिर रहेका अरू राजनीतिक पार्टीका महिलामा पनि राजनीतिक दबाब पर्‍यो । महिलाका मुद्दा-केन्द्रित बहस गर्नुपर्ने वातावरण सिर्जना भयो । तिनमा नेपाली महिलाभित्र रहेको विविधता र त्यसले जन्माएको अन्यायका विविध आयामबारे कुराकानी सम्भव भयो । पहिचानको मुद्दा अगाडि आयो ।

अहिले भुइँतहमा छरिएर रहेका महिलाहरू फेरि संगठित हुँदैछन् । महिलाहरू आफ्नो अधिकारका सवालमा धेरै सशक्त र संगठित भएका छन् । पितृसत्ताका लागि यो सहज स्थिति होइन । अहिले उठेका कतिपय आन्दोलन र अभियानलाई धेरै प्रकारले नियन्त्रित गर्न खोजिँदैछ । त्यसैले, अहिले भुइँतहका यी आन्दोलनलाई संगठित गर्दै परिदृश्यमा ल्याउन आवश्यक छ । महिलाहरूले अहिलेसम्म आफूले गरेका आन्दोलनको आफैले दस्तावेजीकरण गर्नु परेको छ । अहिले मौलाउँदो र उर्लंदो महिला आन्दोलनलाई सही नेतृत्व दिन सकेमा वर्तमान परिदृश्यमा नेपाली महिलाको स्वातन्त्र्य बलियो रूपले देखिन समय लाग्दैन ।

## धन्यवाद

यो पाठ मार्टिन चौतारीद्वारा कात्तिक २२, २०७४ मा आयोजित "चौतारी स्थापना व्याख्यान् २०१७" मा प्रस्तुत गरिएको व्याख्यान्कै सम्पादित रूप हो । सो कार्यक्रममा उपस्थित भई प्रश्न, टिप्पणी र सुझाव दिनुहुने सम्पूर्ण सहभागी तथा यसमाथि थप टिप्पणी र सम्पादन

सहित यसलाई अन्तिम रूप दिन सहयोग गर्नुहुने मार्टिन चौतारीका योगेश राज र देवराज हुमागाईं तथा महिला मानव अधिकार रक्षक सञ्जालकी नारायणी देवकोटाप्रति आभारी छु।

## सन्दर्भ सामग्री

दनुवार, सुनिता। २०७३। *आँसुको शक्ति*। काठमाडौँ: घोस्ट राईटिङ नेपाल।

राजभण्डारी, विनायक। २०६१। *हिंसात्मक राजनीतिक द्वन्द्व र विस्थापन: शान्ति र विकासका लागि चुनौती राष्ट्रिय सम्मेलनको प्रतिवेदन*। काठमाडौँ: महिला पुनर्स्थापना केन्द्र।

विष्ट, मिना र टंक पन्त। २०७४। *मानव बेचबिखन विरुद्ध एटविनको २० वर्ष*। काठमाडौँ: महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह–एटविन।

## लेखक परिचय

महिला अधिकारको क्षेत्रमा काम गर्ने अग्रणी संस्था महिला पुनर्स्थापना केन्द्र (ओरेक), नेपालकी संस्थापक अध्यक्ष **रेणु अधिकारी** महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, नेपालकी पनि अध्यक्ष हुन्। महिला अधिकारको क्षेत्रमा झन्डै तीन दशक बिताइसकेकी अधिकारीले मस्को मेडिकल इन्स्टिच्यूटमा चिकित्साशास्त्र विषय अध्ययन गरी नेपालका दुर्गम जिल्लाका अस्पतालहरूमा ११ वर्षभन्दा अधिक सेवा गरेकी छन्। ईमेल: suchana.renu@gmail.com